जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक ११५ • २०८२ साल भाद्र २७ गते शुक्रबार (12 September, Friday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## राष्ट्रपतिसँग वार्ता माग्दै जेन-जीद्वारा सत्याग्रहको चेतावनी

# 'देशलाई संवैधानिक दायराभित्र रहेर निकास दिने प्रयास भइरहेको छ'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली सेनाको जंगी अड्डामा अन्तरिम सरकारको लागि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नाम बुधबार राति प्रस्ताव भए पनि बिहीबारसम्म प्रधानमन्त्रीका लागि जेन- जी पुस्ताले टुंगो लगाउन नसक्दा अन्योल एवं संशयको अवस्था उत्पन्न भएको छ।

नेपाली सेनाले वार्तामा दुर्गा प्रसाईलाई अगाडि सार्नु, जेन- जीले प्रस्ताव गरेको नाममाथि विवाद उत्पन्न हुनु र जेन- जीमै पनि कुटाकुटको अवस्था सिर्जनाले राजनीति सुन्यताबीच अनेक संकट निम्त्याइने शंकाहरु पनि हुन थालेको छ।

मंगलबारदेखि नै राजावादी प्रसाईलाई सेनाले अगाडि सारेपछि जेन-जी अभियन्ताहरु राष्ट्रपति रामचन्द्र पौडेलसंग नै प्रत्यक्ष रुपमा छलफल गर्ने भन्दै सत्याग्रहमा बस्ने निचोडमा पुगेका छन्।

बिहीबार दिनभरको छलफलको प्रयास गर्दा पनि प्रधानसेनापति अशोकराज सिग्देलले राजाजादी प्रसाई पनि सरोकारवाला भएको जिकिर गर्दै जेन-जी अभियन्ताहरु सेनाको भूमिकाप्रति शंका गर्दै प्रत्यक्ष रुपमा राष्ट्रपतिसंग नै वार्ता गर्ने भन्दै सत्याग्रहमा बस्ने भएका छन्।



जेन- जीका एक अभियन्ताले भने, 'सेनाले समन्वय गरिरहेकाले हामीले छलफल गरिरहेका थियौं। त्यहाँ असम्बन्धित व्यक्तिलाई बढी महत्व दिएको देखियो। त्यसैले अब राष्ट्रपतिसँगै वार्ता गर्ने हाम्रो निष्कर्ष हो।'

राष्ट्रपति पौडेलको काम पनि विज्ञप्ति मात्र सार्वजनिक गर्ने नभइ राजनीतिक निकासका लागि वार्ता गर्नुपर्ने जेन-जी अभियन्ताको माग छ। नभए फेरि आन्दोलनमा जाने उनीहरुले चेतावनी दिए। उनीहरुले अब तत्कालै सत्याग्रह थाल्ने पनि बताउँदै यसको तयारीमा जुटेका छन्।

बिहीबार दिनभर जंगी अड्डामा पूर्वप्रधानन्यायाधीश कार्कीको नाममाथि छलफल भए पनि सेनाले बेवास्ता गरिरहेकै बीच राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकको वर्तमान विषम परिस्थितिमा सबै पक्षलाई संयमता अपनाउन आग्रह गरेका छन्। उनले शान्ति र सुव्यवस्था कायम गर्न सहयोगको लागि अपिल गरे। एक विज्ञप्ति जारी गर्दै उनले देशलाई संवैधानिक दायराभित्र रहेर निकास दिने प्रयास भइरहेको जानकारी दिए।

राष्ट्रपति पौडेलले मुलुकमा लोकतन्त्रको संरक्षण गर्न र शान्ति कायम राख्नका लागि आफूले निरन्तर विचार विमर्श र हरसम्भव पहल गरिरहेको बताए।

उनले आन्दोलनरत नागरिकहरूको मागलाई सम्बोधन गर्नका लागि छिटोभन्दा छिटो समस्याको समाधान खोजिने कुरामा विश्वस्त रहन पनि सबैलाई आग्रह गरे।

त्यस्तै नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, रास्वपालगायतका राजनीतिक दलहरूले प्रतिनिधिसभाबाटै समाधान खोज्न नेपाली सेनालाई सुझाएका छन्। केही युवा नेताहरूले प्रधानसेनापति सिग्देलसमक्ष अहिलेको गणतान्त्रिक व्यवस्थालाई कायम राख्दै संसद्‌बाटै निकास निकाल्नुपर्नेमा जोड दिएका छन्।

सैनिक स्रोतले समेत पुराना दलहरूसँग समेत अनौपचारिक कुराकानी भइरहेको पुष्टि गरेको छ।

बिहीबार दिनभर अन्तरिम सरकारको प्रधानमन्त्रीको खोजी भइरहँदा राष्ट्रपति पौडेललाई सार्वजनिक गर्नका लागि सेनामाथि देशव्यापी रुपमा दबाब सिर्जना भएको छ। राष्ट्रपति पौडेललाई सार्वजनिक गर्न माग गर्दै जनकपुरधामसहित विभिन्न स्थानमा प्रदर्शनसमेत भएको छ।

नागरिक अगुवाहरूले वर्तमानको संकट समाधानका लागि राष्ट्रपति पौडेलले नै पहल लिनु पर्ने बताउन थालेका छन्। नेपाली जनताको प्रतिनिधि संस्था भएको तथा संविधानको संरक्षकको हैसियतले राष्ट्रपतिले नै संकट समाधानको पहलकदमी लिनु अपरिहार्य रहेको नागरिक अगुवाहरू बताउँछन्।

विद्यार्थी भर्ना सम्बन्धी सूचना

ADMISSION OPEN



CTEVT बाट सम्बन्धन प्राप्त यस कलेजमा Lab Technology (CMLT), Radiography र Opthalmic Science (आँखा) कार्यक्रमहरूमा शैक्षिक शत्र २०८२ को लागि केही सिट खाली रहेकोले देशै भरीबाट CTEVT Result को Pass List / Cut Off List मा रहेको विद्यार्थीहरूले अध्ययन गर्नको लागि सम्पर्क गर्न हुन जानकारी गराउँदछौं।

नोट :- H.A. D.Pharmacy, MLT, Radiography र Opthamic Science (आँखा) पढन इच्छुक तर NG लागेको र फाराम भर्न छुटेका विद्यार्थीहरुले पनि सम्पर्क गर्नुहोला।

विस्तृत जानकारीको लागि सम्पर्क :
वीरेन्द्र इन्स्टिच्यूट अफ मेडिकल एण्ड डे. टेक्नोलोजी
महेन्द्र इन्स्टिच्यूट अफ मेडिकल साईन्सेज
बाह्र बिगहा र थापा चौकको बिचमा, जनकपुरधाम-८
फोन नं. ९८५४०२५५०७, ९८०७६९२४६०, ०४१-५२१३६६, ९७०५४२१३६६

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल

ANJANI SUITE








विशेषताहरू
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा

बालबालिकामा हैजा
(अभिभावकहरुलाई जानकारी)

संक्रमणका स्रोत
- पिउने प्रदुषित पानी।
- असुरक्षित वा राम्ररी नपाकेको खाना।
- हात नधोई खाना पकाउनु/खानु।
- खुला ठाउँमा दिसा गर्नु।
- संक्रमित व्यक्तिको दिसा वा बान्ताबाट दूषित भएको पानी/वस्तु प्रयोग गर्नु।



लक्षणहरू
- चौलानी पानी जस्तो पातलो पखाला (बारम्बार) हुनु।
- बान्ता हुनु, पेट दुख्नु।
- छिटो निर्जलीकरणः तिर्खा लाग्नु, मुख सुख्खा हुनु, आँखा गाडिनु, पिसाब कम हुनु।
- सुस्त/असहज हुनु, कमजोरी हुनु।
- तिघ्रा/पाखुरा बाउँडिनु।



रोकथामका उपाय
- उमालेको पानी पिउनु।
- खाना राम्ररी पकाएर ढाकेर राख्नु।
- खानु अघि, शौचालयपछि र बच्चाको दिसा सफा गरेपछि साबुनपानीले मिचीमिची हात धुनु।
- सुरक्षित शौचालय प्रयोग र फोहरको सही व्यवस्थापन गर्नु।
- गम्भीर लक्षण वा अत्यधिक पखाला भए तुरून्त नजिकको स्वास्थ्य संस्थामा जानु।
- निर्जलिकरण हुन नदिन पुनर्जलीय झोल खुवाउनु र शिशुमा स्तनपान जारी राख्नु।



हैजासम्बन्धी कुनै लक्षणहरू देखापरेमा बच्चालाई नजिकैको अस्पताल वा स्वास्थ्य चौकीमा उपचारको लागि लानुहुन अनुरोध गर्दछौं।

सन्देशः बालबालिकामा हैजाले छिट्टै निर्जलीकरण गराउँछ - उपचारमा ढिलाइ नगर्नुहोस्।

धनौजी गाउँपालिका
धनौजी, धनुषा, मधेश प्रदेश

# कारागारबाट भागेका कैदीलाई फर्किन स्थानीय प्रशासनको निर्देशन

काठमाण्डु । स्थानीय प्रशासनले नवलपरासी कारागारबाट बुधबार भागेका कैदीबन्दीलाई अविलम्ब फर्किन निर्देशन दिएको छ ।

जिल्ला प्रशासन कार्यालयले विहिबार एक सूचना जारी गर्दै उनीहरूलाई कारागार फर्कन निर्देशन दिएको हो । हिजो ५४३ कैदी भागेका जानकारी दिँदै प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले केही कैदी फर्कनेक्रम जारी रहेको बताउनुभयो । यो समाचार तयार पार्दासम्म पाँच जना कैदी सम्पर्कमा आएका छन् ।

**भागेका १६६ कैन्दीबन्दी सुरक्षाकर्मीको नियन्त्रणमा**

देशका विभिन्न कारागारबाट भागेका १६६ कैन्दीबन्दीलाई सुरक्षाकर्मीले पक्राउ गरेका छन् ।

नेपाली सेना ,सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त टोलीले जिल्लाका विभिन्न भागबाट आज उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालयका अनुसार भीमफेदी कारागारबाट भागेका ४४० जना मध्ये ७८, जिल्लाको बालसुधार गृहबाट भागेका ७२ मध्ये चार ,नक्खु कारागारका सात, केन्द्रीय कारागारका दुई जना,कास्की कारागारका एक,तनहुँका दुई, कारागार पहिचान नभएका ३५ जनालाई पक्राउ गरिएको हो ।

**बालसुधारगृहबाट भागेका ६७ बालबिज्याइकर्ता फरार**

पर्साको बालसुधारगृह तोडफोड गरेर भागेका ६७ बालबिज्याइकर्ता किशोर अझैसम्म पनि फरार रहेका छन् ।

गत मङ्गलबार रातको समयमा बालसुधारगृह तोडफोड गरेर भागेका उनीहरु अझैसम्म पनि पक्राउ परेका छैनन् । बालसुधारगृहका कार्यालय प्रमुख टीकाकृष्ण काफ्लेले बालसुधारगृहबाट भागेका ३३ जनालाई पर्सा प्रहरीले पक्राउ गरेर हिरासतमा राखेको जानकारी दिनुभयो ।

"गत मङ्गलबार राति बालसुधारगृहबाट भागेका ६७ जना अहिलेसम्म पनि सम्पर्कमा आएका छैनन्", उहाँले भन्नुभयो, "फरार भएका बालसुधारगृहका बालबिज्याइकर्ताका अभिभावकलाई सम्पर्क गरेर तुरुन्तै सुधारगृहमा ल्याउनका लागि अनुरोध गरेका छौँ, उनीहरु नआएको खण्डमा अर्को मुद्दा चल्नेछ ।"

बालसुधारगृहमा १४२ जना बालबिज्याइकर्ता रहेका छन् । जिल्ला प्रहरी कार्यालयका प्रमुख गौतम मिश्रले बालसुधारगृहबाट भागेका किशोर हरुको खोजी कार्य तीव्र पारिएको जानकारी दिनुभयो । "बालसुधारगृहबाट भागेकाहरुको खोजी कार्य तीव्र बनाइरहेका छौँ", उहाँले भन्नुभयो, "केन्द्रीय कारागार तथा भीमफेदीको कारागारबाट फरार भएका छ जना कैदीलाई पक्राउ गर्न सफल भएका छौँ, फरार भएका बालबिज्याइकर्ताको खोजी कार्य तीव्र पारिरहेका छौँ ।"

बुधबार वीरगञ्ज कारागारमा रहेका कैदीहरु भाग्न खोज्दा तीनवटै सुरक्षा निकायले अधिकतम सावधानी अपनाउँदा कैदी तथा थुनुवा भाग्नबाट रोकिएका छन् । पछिल्लो समय यहाँको कारागारको सुरक्षा व्यवस्थापन नेपाली सेनाले लिएको छ ।

**भारत भाग्दै गरेका छ कैदी समातिए**

डडेल्धुरा कारागारबाट भागेका छ कैदी बैतडीबाट समातिएका छन् । संयुक्त सुरक्षा टोलीले जिल्लाको पाटन नगरपालिका-१ सकारबाट उनीहरुलाई पक्राउ गरेको प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलले जानकारी दिनुभयो ।

भारततर्फ भागिरहेका भन्ने सूचनाका आधारमा संयुक्त सुरक्षा टोलीले उनीहरुलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा डोटी र अछाम घर भएका दुई/दुई र दार्चुला तथा बैतडी घर घएका एक/एक जना रहेका छन् । उनीहरु कर्तव्य ज्यान मुद्दा, जबर्जस्तीकरणी र चोरीसम्बन्धी मुद्दामा दोषी ठहर हुँदै जेल चलान भएका बताइएको छ ।

'जेनजी'को प्रदर्शनका कारण बुधबार बिहानै डडेल्धुरा कारागार तोडफोड गरेर कैदीबन्दी फरार भएका थिए । पक्राउ परेका सबैलाई डडेल्धुरा प्रहरीको जिम्मा लगाउने तयारी भइरहेको प्रजिअ पौडेलले बताउनुभयो । कारागारबाट कैदी भागेपछि संयुक्त सुरक्षा टोलीले उनीहरुलाई खोज्न 'अप्रेसन' चलाएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक दीपककुमार रायले बताउनुभयो ।

**भागेका कैदी तथा थुनुवा फर्कन थाले कारागार**

गत मङ्गलबार साँझ 'जेनजी' आन्दोलनको आडमा महोत्तरी कारागारबाट भागेका कैदी/थुनुवा फर्कन थालेका छन् ।

महोत्तरी कारागार प्रशासनले लहलहैमा भागेका कैदी/थुनुवालाई फर्कन अपिल गरेसँगै बुधबार राति तीन जना फर्केका कारागार कार्यालयका निमित्त प्रमुख रवीनचन्द्र ठाकुरले पुष्टि गर्नुभयो ।

"बुधबार राति तीन जना कारागार आइपुगेका छन्", ठाकुरले भन्नुभयो, "अन्य कतिपयले फोन सम्पर्क गरी आउन लागेको बताएका छन् ।" भागेकामध्ये अधिकांश कैदी/थुनुवा फर्कने ठाकुरलाई विश्वास बढेको छ । आफूले बुधबार कार्यालयबाटै भागेका कैदी/थुनुवालाई फर्कन गरेको अपिलको सकारात्मक प्रभाव परेको उहाँको ठम्याइ छ ।

"हामीले कैदी/थुनुवालाई तपाईंहरु फर्कनोस्, कुनै सर्त र थप कार्वाही हुँदैन भनेर अपिल गर्‍यौँ", ठाकुर भन्नुहुन्छ, "त्यो अपिल सुने/पढेपछि उहाँहरुको मन फिरेको छ, तीन जना आइपुग्नुभयो, अन्य केहीले आउँदैछौँ भन्नुभएको छ ।" कारागार कार्यालयले बुधबार विज्ञप्ति जारी गर्दै भागेका कैदी/थुनुवालाई भागेबापत कुनै सजाय नगरिने जनाउँदै २४ घण्टाभित्र आइपुग्न अपिल गरेको थियो । सो अपिलमै स्वेच्छाले नफर्कनेको हकमा खोजी गरेर भेट्टाइँदा थप सजाय गरिने उल्लेख गरिएको थियो ।

यसैगरी, मङ्गलबार साँझ जेनजी आन्दोलनको आडमा कारागार भत्काएर भागेका ५७६ जनामध्ये भारतिर पस्ने क्रममा १० जना भारतीय पुलिसको नियन्त्रण रहेका खबर फैलिएको छ । यसबारे जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयको समन्वयमा सीमावर्ती भारतीय सुरक्षाकर्मीसँग बुझेर आवश्यक प्रक्रिया अघि बढाइने कारागार प्रमुख ठाकुरको भनाइ छ ।

**विभिन्न कारागारबाट भागेकामध्ये ३५ कैदीबन्दी धादिङको गजुरीबाट पक्राउ**

देशको राजधानीका विभिन्न कारागारबाट भागेकामध्ये ३५ कैदीबन्दीलाई विहिबार बिहान धादिङको गजुरीबाट नेपाली सेनाले नियन्त्रणमा लिएको छ ।

जेन-जी आन्दोलनको मौका छोपेर कारागारबाट भागेकामध्ये ३५ जनालाई गजुरी चेक प्वाइन्टबाट नेपाली सेनाले नियन्त्रणमा लिएको हो । बुधबार तीन जनालाई धादिङकै गल्छीस्थित बैरेनीबाट नियन्त्रणमा लिएको थियो ।

विहिबार नियन्त्रणमा लिएकाहरुमा केन्द्रीय कारागारबाट भागेका २१ जना, नक्खु कारागारका नौ, भीमफेदी कारागारका चार, भद्र केन्द्रीय कारागारबाट भगेकामध्ये एक जनालाई पक्राउ गरिएको धादिङको गजुरीस्थित भैरबनाथ गणका कर्णेल अशिम श्रेष्ठले जानकारी दिनुभयो । पृथ्वीराजमार्गका विभिन्न स्थानमा नेपाली सेनाले बुधबारदेखि जाँच गरिरहेको छ । जाँचका क्रममा सोधीखोजी गरेर कैदीबन्दीको पहिचान गर्ने गरिएको कर्णेल श्रेष्ठको भनाइ छ ।

नेपाली सेनाले साना तथा ठूला जुनसुकै सवारीसाधन प्रयोग गर्ने र पैदल हिँडेर आउजाउ गर्नेहरुलाई समेत जाँच गरिरहेको छ । केहीलाई गोप्य सूचनाका आधारमा नियन्त्रणमा लिइएको हो । बुधबार नियन्त्रणमा लिइएका तीन जनालाई बैरेनी प्रहरीको जिम्मा लगाए पनि आज नियन्त्रणमा लिइएको ३५ जनालाई सेनाले गजुरीस्थित भैरबनाथ गणमा नै राखिरहेको र उनीहरुको व्यवस्थापनका लागि नेपाल प्रहरीसँग समन्वय भइरहेको कर्णेल श्रेष्ठले जानकारी दिनुभयो । परिस्थितिजन्य अवस्थाले कारागारबाट भागेका कैदीबन्दीलाई स्वतस्फूर्त आत्मसमर्पण गर्न पनि नेपाली सेनाले आग्रह गरेको छ ।

**थप १९२ जना कैदी नियन्त्रणमा**

नेपाली सेनालगायत अन्य सुरक्षा निकायहरु परिचालन भएपश्चात भदौ २५ गते बेलुका ६ बजेदेखि विहिबार बिहान ६ बजेसम्म थप १९२ जना कैदीहरूलाई नियन्त्रणमा लिइएको छ ।

नेपाली सेनाले विहिबार विज्ञप्तीमार्फत सप्तरीको राजविराज स्थित जिल्ला कारागारबाट भाग्ने प्रयास गरिरहेका १९२ जना कैदीलाई नियन्त्रणमा लिएको जनाएको छ ।

त्यसैगरी कञ्चनपुरको चाँदनीमा भारतीय सीमा सुरक्षा बलले भारततर्फ जाँदै गरेका सात जना कैदीलाई नियन्त्रणमा लिई सेनालाई बुझाएको छ । एक जना कैदीलाई स्थानीयले नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालयलाई बुझाएको र १२ कैदी आफैँ कारागारमा हाजिर भएका छन् ।

रामेछापस्थित जिल्ला कारागारमा कैदीले बाहिर जान पाउनु पर्ने भन्दै गरेको झडपलाई नियन्त्रणमा लिनका लागि सेनाले चलाएको गोली लग्दा १२ जना कैदी घाइते हुनुका साथै दुई जनाको मृत्यु भएको छ ।

त्यसैगरी, काभ्रेपलाञ्चोकको बनेपा-९ स्थित नयाँ बस्तीमा फेला परेको शङ्कास्पद बस्तु नेपाली सेनाले सुरक्षित साथ डिस्पोज गरेको छ । हालसम्म ९४ नाल विभिन्न हतियारहरू बरामद भएको सेनाले जनाएको छ ।

**नौवस्ता कारागारबाट भागेका सात कैदीबन्दी पक्राउ**

बाँकेको नौवस्ता कारागारबाट भागेका सात कैदीबन्दीलाई नेपाल भारत सीमा क्षेत्रबाट पक्राउ गरिएको छ । उनीहरुमध्ये एक जनाले इलाका प्रहरी कार्यालय, कोहलपुरमा आत्मसर्मपण गरेका छन् भने अन्य छ जनालाई जिल्ला प्रहरी कार्यालय, बाँकेले पक्राउ गरेको कारागारका जेलर जालन्धर भुसालले जानकारी दिनुभयो ।

"प्रहरी कार्यालयमा रहेकालाई पनि आजै कारागारमा ल्याउने तयारी भएको छ," उहाँले भन्नुभयो। दुई दिनअघि मात्रै कारागारबाट १४७ कैदीबन्दी फरार भएका थिए। कारागारमा ५८५ कैदीबन्दी थिए।

जेलर भुसालले फरार भएका कैदीबन्दीको खोजी भइरहेको बताउनुभयो । दुई दिनअघि नौवस्तास्थित बालसुधारगृहमा झडप हुँदा पाँच जनाको मृत्यु समेत भएको थियो । सो घटनामा अन्य सात जना घाइते भएका थिए ।

जिल्लाको नौवस्ता कारागारको बालसुधार गृहबाट ७६ र डुडुवा गाउँपालिकास्थित जयन्दु बालसुधार गृहबाट १२२ बालबन्दी भागेका थिए । जयन्दु बालसुधार गृहमा २२८ जना बालबन्दी थिए।

**तनहु कारागारबाट फरार तीन कैदीबन्दी पक्राउ**

तनहुँ कारागारबाट फरार भएकामध्ये तीन जना कैदीबन्दी पक्राउ परेका छन् । दुई जना कास्कीबाट र एक जना तनहुँबाट बुधबार पक्राउ परेका जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिनुभयो ।

मङ्गलबार राति ३२७ कैदीबन्दी यहाँबाट फरार भएका थिए । फरार भएका कैदीबन्दीको खोजतलास भइरहेको प्रहरी उपरीक्षक कार्कीले बताउनुभयो । उहाँले भन्नुभयो, "केही कैदीबन्दी बाहिरभन्दा भित्रै रमाउने खालका पनि छन्, उनीहरू आफैँ सम्पर्कमा आउने सम्भावना छ । अन्यको पनि खोजी भइरहेको छ ।"

**जनजीवन सामान्य बनाउन विभिन्न संघसंस्थाको आग्रह**

जेनजीको प्रदर्शकपछि उत्पन्न भएको परिस्थितिलाई सामान्य बनाउन सबैसँग आग्रह गरिएको छ । तनहुँ उद्योग वाणिज्य सङ्घ, नेपाल पत्रकार महासङ्घ तनहुँ, महिला मानव अधिकार रक्षक सञ्जाल र नेपाल आदिवासी जनजाति महासङ्घ तनहुँले बुधबार संयुक्त विज्ञप्ति जारी गरी चाडपर्वको समयमा भएको यस घटनाबाट जनजीवनमा पर्न गएको असरलाई मध्यनजर राखी जनजीवन सहज बनाउन सम्बन्धित पक्ष, अभिभावक, नागरिक समाज, मानव अधिकारकर्मी, पत्रकार साथै बुद्धिजीवी सबैले पहल गर्नु आवश्यक रहेको जनाइएको छ ।

जिल्लास्थित उद्योग वाणिज्य सङ्घका अध्यक्ष वैकुण्ठनाथ मिश्र, नेपाल पत्रकार महासङ्घ तनहुँका अध्यक्ष धनपति अधिकारी, महिला मानव अधिकार रक्षक सञ्जालका अध्यक्ष कल्पना पौडेल र नेपाल आदिवासी जनजाति महासङ्घ तनहुँका निवर्तमान अध्यक्ष बसुन्धरा घर्तीले संयुक्त विज्ञप्ति जारी गरी आगामी दिनमा यस्ता घटना नदोहोर्‍याउन सम्बन्धित पक्षसँग हार्दिक आग्रह गरिएको छ ।

चित्त नबुझेका विषयमा आफ्नो विमति राख्नु, विद्रोह गर्नु लोकतन्त्रमा नागरिकको अधिकार भएको भन्दै विज्ञप्तिमा यसको नेतृत्व गरेको जेनजी पुस्ता संयम र जिम्मेवार बन्न, ध्वंस र अराजकताबाट टाढा हुन र यस्ता आन्दोलनमा हुने घूसपैठ एवं अवाञ्छित गतिविधिहरू रोक्नका लागि सक्रिय बन्न माग गरिएको छ ।

विज्ञप्तिमा भनिएको छ, "हाम्रो देश नेपाल अहिले विषम परिस्थितिमा गुज्रिएको छ। पछिल्ला दिनहरूमा भएको प्रदर्शन र त्यस क्रममा ज्यान गुमाउनेप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौँ । साथै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै सम्पूर्ण घाइतेहरुको शीघ्रस्वास्थ्य लाभको कामना गर्दछौँ ।

**झापाबाट ९२ जना थुनुवा फरार**

'जेनजी' प्रदर्शनका क्रममा जिल्लाका विभिन्न इलाका प्रहरी कार्यालयको हिरासतबाट फरार भएका ९२ जना थुनुवाहरू अझै सम्पर्क नआएका जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

यही भदौ २४ गते इलाका प्रहरी कार्यालय अनारमनीमा रहेका ३६, इलाका प्रहरी कार्यालय दमकका ५१ र झिलझिले इलाका प्रहरी कार्यालय पाँच गरी ९२ जना थुनुवा भगेका थिए। उनीहरू हालसम्म पनि सम्पर्क नआएकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता खगेन्द्रबहादुर खड्काले बताउनुभयो ।

प्रदर्शनकारीले जिल्लाका दमक, विर्तामोड, झिलझिले र काँकडभिट्टा इलाका प्रहरी कार्यालयमा आजगनी र तोडफोड गरेका थिए । विर्तामोडस्थित इलाका प्रहरी कार्यालयमा आगजनी हुनुअघि प्रदर्शनकारीले नियन्त्रणमा लिएका हतियार सेनाले फिर्ता लिइसकेको छ ।

**कारागारबाट भागेका चार कैदी पक्राउ**

जिल्ला कारागार कास्की र जिल्ला कारागार म्याग्दीबाट भागेका ४ कैदीबन्दीलाई जिल्ला प्रहरी कार्यालय बागलुङले नियन्त्रणमा लिएको छ ।

कारागारबाट भागेर बागलुङ प्रवेश गर्दै गरेका उनिहरुलाई मालढुङ्गा चेकपोष्टबाट बुधबार नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी निरीक्षक केशव थापाले जानकारी दिनुभयो ।जिल्ला कारागार कास्कीबाट भागेका ३ जना र जिल्ला कारागार म्याग्दीबाट भागेका एक जनालाई प्रहरीले नियन्त्रणमा लिएको हो ।रासस



> कारागार कार्यालयले बुधबार विज्ञप्ति जारी गर्दै भागेका कैदी/थुनुवालाई भागेबापत कुनै सजाय नगारिने जनाउँदै २४ घण्टाभित्र आइपुग्न अपिल गरेको थियो । सो अपिलमै स्वेच्छाले नफर्कनेको हकमा खोजी गरेर भे इँदा थप सजाय गारिने उल्लेख गारिएको थियो ।

## पोखरामा विहिबार साँझ ५ बजेसम्म निषेधाज्ञा जारी

कास्की । जिल्ला प्रशासन कार्यालय कास्कीले पोखरा महानगरभित्र विहिबार बिहान ११:०० देखि साँझ ५:०० बजेसम्म निषेधाज्ञा जारी गरेको छ । जेनजी प्रदर्शनका कारण उत्पन्न परिस्थितिलाई मध्यनजर गर्दै जिल्ला सुरक्षा समितिको सिफारिसअनुसार पोखरा क्षेत्रमा लागू हुनेगरी सो आदेश गरिएको सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालले बताउनुभयो ।

निषेधाज्ञा जारी गरिएको क्षेत्रमा पाँच जनाभन्दा बढी व्यक्ति भेला हुने, धर्ना, जुलुस तथा प्रदर्शन गर्न नपाइने प्रशासनले जारी गरेको सूचनामा उल्लेख छ । यस अवधिमा एम्बुलेन्स, शववाहन, दमकल, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी, खाद्यान्न, इन्धन, दूध, तरकारी, पानी र औषधि ढुवानी गर्ने सवारी सञ्चालन गर्न पाइनेछ ।

साथै सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थालगायत सार्वजनिक संस्थानका कर्मचारीले आफ्नो परिचयपत्र देखाएर कार्यालय आवतजावत गर्न सक्ने व्यवस्था मिलाइएको प्रशासनले जारी गरेको सूचनामा उल्लेख छ । पोखरामा जेनजी प्रदर्शनका क्रममा गत मङ्गलबार दुई जनाको आगजनीमा परेर मृत्यु भएको पुष्टि भएको छ । यसैगरी, प्रदर्शनकारीले तीन दर्जनभन्दा बढी सरकारी कार्यालयमा आगजनी गरेर क्षति पुऱ्याएका छन् ।

**बागलुङमा अनिश्चितकालीन निषेधाज्ञा**

यसैगरी, जिल्ला प्रशासन कार्यालय बागलुङले निषेधाज्ञा आदेश जारी गरेको छ । स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) र (ख) बमोजिम प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले अर्को आदेश नआउञ्जेलसम्मका लागि निषेधाज्ञा आदेश जारी गर्नुभएको हो ।

बागलुङ नगरपालिका-१, २, ३ र ४ भित्रका सबै क्षेत्र, गलकोट नगरपालिका-३, ५ र ६, जैमिनी नगरपालिका-१, ढोरपाटन




नगरपालिका-१, २ र ३ र बडिगाड गाउँपालिकाको मध्यपहाडी लोकमार्ग आसपासमा निषेधाज्ञा जारी गरिएको प्रजिअ गुरुङले जानकारी दिनुभयो ।

निषेधाज्ञा जारी गरिएको क्षेत्रमा पाँच जनाभन्दा बढी व्यक्ति भेला गर्न वा जम्मा भई अनसन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन तथा सभाजस्ता कार्यक्रम गर्न निषेध गरिएको छ । उक्त अवधिमा यस आदेशको अवज्ञा गर्ने वा आदेशको पालना गर्ने/गराउने कार्यमा अवरोध गर्ने जोसुकै उपर प्रचलित कानुनबमोजिम कारबाही हुने उहाँले उल्लेख गर्नुभयो ।

जिल्ला प्रशासन कार्यालयले बुधबार बिहान १० देखि विहिबार बिहान ६ बजेसम्म निषेधाज्ञा जारी गरेको थियो । जिल्लामा थप आन्दोलन हुन सक्ने भन्दै आज पनि निषेधाज्ञा जारी गरेको हो ।रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | सोचेर गरेको लगानीबाट नाफा हुनेछ। खानपानमा विशेष ध्यान दिनुपर्नेछ। |
| वृष : | सानोकुरालेव्यवहारमाझन्झटबढ्नेछ। सामाजिक क्षेत्रमा विवाद बढ्नेछ। |
| मिथुन : | मुल त्रिकोणमा चन्द्रमा भएकाले मन शान्त बन्नेछ। |
| कर्कट : | हरेक क्षेत्रमा बाधा हुनसक्छ। |
| सिंह : | आफन्तले भन्दा साथीभाइले दुःखमा साथ दिनेछन्। |
| कन्या : | सञ्चित धनको खर्च हुनाले मन दुःखी हुनेछ। अचानक खर्च बढ्नेछ। |
| तुला : | शिक्षाको क्षेत्रमा प्रगति हुने दिन छ। साथीभाइको सहयोग प्राप्त हुनेछ। |
| वृश्चिक : | बोलीको प्रभावले राम्रो काम बन्नेछ। मनमा कुरा नराख्नु राम्रो हुनेछ। |
| धनु : | एकल निर्णय भन्दा साथीभाइको सहयोगले अगाडि बढ्नुपर्ने दिन छ। |
| मकर : | धनस्थानमा चन्द्रमा पुगेकाले धन आर्जन हुनेछ। |
| कुम्भ: | सानो कुराले व्यवहारमा झन्झट आइपर्न सक्छ। |
| मीन : | अनुत्पादक क्षेत्रमा धर्न खर्च हुनसक्छ। |

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



आवश्यक काम बाहेक घरबाट बाहिर ननिस्कन सेनाको निर्देशन पछि सुनसान जनकपुरधाम। तस्बिर : प्रमोद

# अस्पतालमा मृत्यु हुनेको संख्या ३४ पुग्यो, एक हजार बढी घाइते

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले 'जेनजी' आन्दोलनमा परी अहिलेसम्म अस्पतालमा ३४ जनाको मृत्यु र एक हजार बढी घाइतेहरुको उपचार भएको जनाएको छ ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीका अनुसार देशभरका ४१ अस्पतालमा ३४ जनाको मृत्यु र एक हजार ३६८ जनाको उपचार भएको छ। मन्त्रालयले जेनजी आन्दोलनका क्रममा मृत्यु र घाइते भएकाको विवरण विभिन्न अस्पतालमा सम्पर्क गरी सार्वजनिक गरेको जनाएको छ।



निजामती कर्मचारी अस्पतालमा छ, राष्ट्रिय ट्रमा सेन्टरमा आठ, एभरेष्ट अस्पतालमा तीन, काठमाडौं मेडिकल कलेज सिनामङ्गलमा दुई, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा एक, बयोधा अस्पतालमा दुई, फ्रन्टलाइन अस्पतालमा तीन, बी एन्ड सी अस्पताल विर्तामोडमा एक, विर्तासिटी अस्पतालमा एक, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा दुई र भेरी अस्पतलालमा पाँच गरी ३४ जनाको निधन भएको जनाइएको छ।

त्यसैगरी अहिले ३२१ जना घाइतेको भर्ना भई उपचार भइरहेको छ। सचिव डा विकास देवकोटाका अनुसार अहिले पनि निजामती कर्मचारी अस्पतालमा ४८, ट्रमा सेन्टरमा ५८, त्रिवि शिक्षण अस्पतालमा २५ र काठमाडौं मेडिकल कलेजमा ३५ र वीरेन्द्र सैनिक अस्पतालमा २६ जनाको उपचार भइरहेको छ । उहाँका अनुसार ९४९ जना उपचारपश्चात् घर फर्किसकेका छन् ।रासस

# हराएकी बालिका साढे ६ महिनापछि घर फर्केपछि ...

काठमाण्डु । रुपन्देहीको सिद्धार्थनगर नगरपालिका-४ स्थित दोगहराबाट गत चैत २२ गते सात वर्षीया बालिका बेपत्ता भइन् । स्थानीय नवदुर्गा माध्यमिक विद्यालयमा अध्ययनरत बालिका अटोरिक्सामा बसिरहेकी एक अपरिचित महिलाले बोलाएपछि उनी महिलासँगै गएकी र त्यसपछि बेपत्ता भएकी थिइन् ।

त्यसपछि बालिकाको परिवारले खोजतलासका लागि प्रहरी कार्यालयमा निवेदन दियो । तर, तत्काल उनी फेला परिनन् । बालिका फेला नपरेपछि उनको परिवार चिन्तित थियो । ती बालिकालाई 'किन इन्डिया' नामक संस्थाले उद्धार गरेर पाएकी छन् । तर, उनलाई भार तसम्म पुऱ्याउने घटनामा संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउनुपर्छ । ती व्यक्तिको खोजी भइरहेको छ", उहाँले भन्नुभयो ।

आफ्ना बालबालिकाको ख्याल गर्न र सचेत हुन उहाँले अभिभावकलाई आग्रह गर्नुभयो । किन इन्डियाले हालसम्म हजारौंको उद्धार गरिसकेको उहाँले जानकारी दिनुभयो ।

विगत लामो समयदेखि महिला तथा बालबालिकाको अधिकारका क्षेत्रमा काम गर्दै आउनुभएकी सामाजिक अभियन्ता ज्ञानु पौड्यालले बालिका घर पुग्दा घरपरिवार हर्षित भएको बताउनुभयो । "बालिका हराएपछि



परिवारसँग पुनर्मिलन गराएपछि अहिले उक्त परिवारमा खुसी छाएको छ ।

किन इन्डियाका प्रतिनिधि नवीन जोशीले बालिका हराएको सूचना प्राप्त भएपछि खोजी प्रक्रिया अगाडि बढाइएको बताउनुभयो । "नेटवर्क सक्रिय बनायौं, भारतीय एजेन्सी, प्रहरी, दूतावाससँग समन्वय गऱ्यौं । उहाँहरूले सहयोग गर्नुभयो । वडा कार्यालयले आवश्यक कागजात छिटो पठाएपछि कानुनी प्रक्रिया पूरा गरेर प्रहरी कार्यालय र वडा कार्यालयको रोहवरमा बालिकालाई परिवारसँग पुनर्मिलन गराएका छौं", उहाँले भन्नुभयो ।

बालिका भारतको विहारमा फेला परेकी जोशीले जानकारी दिनुभयो । "नानीले नयाँ जीवन परिवार निकै पीडामा थियो, तर अहिले यो परिवारमा खुसी छाएको छ", उहाँले भन्नुभयो ।

नेपाल-भारत खुल्ला सीमा भएकाले मानव बेचबिखनको जोखिम रहेको उहाँले बताउनुभयो । राज्यले यो घटनाको अनुसन्धान गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । उहाँले यस्ता घटना हुन नदिन जनचेतनामूलक कार्यक्रम र अभिभावक शिक्षा जरुरी रहेको बताउनुभयो ।

सिद्धार्थनगर नगरपालिकाका प्रवक्ता एवं वडा नं ४ का वडाध्यक्ष मुक्तिनाथ यादवले किन इन्डियाको अथक प्रयासबाट बेपत्ता बालिका साढे ६ महिनापछि घर फर्किन सफल भएकी बताउनुभयो । "बालिकाको परिवारसँगै वडा परिवार खुसीले गदगद् भएका छौं", उहाँले भन्नुभयो ।रासस

# मानव बेचबिखनको नयाँ शैलीले रोकथाममा चुनौती

राँझा । सूचना प्रविधिको विकाससँगै प्रयोग भएका नयाँ शैलीले मानव बेचबिखनविरुद्धको अभियानमा चुनौती थपिएको छ । 'सामाजिक सञ्जाल फेसबुक, टिकटक र इमो'मा एकअर्कालाई साथी बनाएर कुरा गरेकै भरमा बेचिन पुग्ने जस्ता जोखिमहरु देखापर्न थालेका छन् ।

बेचबिखनमा टिकटकको प्रयोग चुनौतीपूर्ण देखिएको मानव बेचबिखन तथा ओसारपसारविरुद्ध क्रियाशील संस्था माइती नेपाल नेपालगञ्जका संयोजक केशव कोइरालाले बताउनुहुन्छ । "कुनै समय गाउँगाउँमा गएर अशिक्षित महिला अथवा किशोरीहरुलाई फकाएर बेचबिखनका लागि भारत तथा तेस्रो मुलुक लैजाने गरिएका घटनाहरू निकै सुनिन्थे । अहिले त्यसको स्वरुपमा परिवर्तन आएको छ, शैली फेरिएको छ, जोखिम बढेको छ", कोइरालाले भन्नुभयो, "मानव बेचबिखन पहिलेको भन्दा नयाँ स्वरुपमा विकसित भइरहेको छ । मानव बेचबिखन हुने सङ्ख्या मात्रै नभई शैली पनि बढ्न थालेका छन् ।"

केही वर्षअघि सम्म गाउँका अशिक्षित महिलाहरू मात्रै बेचबिखनका जोखिममा पर्ने गरेका भए पनि पछिल्ला वर्षहरुमा सामाजिक सञ्जालको प्रयोग बढेसँगै सहरकै शिक्षित महिला पनि बेचबिखनको जोखिममा पर्न थालेको कोइरालाको भनाइ छ । मानव बेचबिखन र ओसारपसारमा पछिल्लो समय लोकप्रिय भइरहेको सामाजिक सञ्जाल 'टिकटक'को दुरुपयोग तीव्र रुपमा बढिरहेको छ।

विशेषगरी किशोरावस्थाका युवतीहरू टिकटकका माध्यमबाट अपरिचित व्यक्तिको सम्पर्कमा पुगी बेचबिखनको जोखिममा परेका छन् । "आजभोलि अधिकांश महिला र युवायुवती मोबाइलमा नै व्यस्त देखिन्छन् । प्रविधिले धेरै कामलाई निकै सहज बनाए पनि यसको दुरुपयोगले नेपाली महिला र बालबालिका बेचबिखनको उच्च जोखिममा पर्दै आएका छन्", संयोजक कोइरालाले भन्नुभयो, "प्रविधिका कारण हिजोआज मानव बेचबिखनमा बिचौलियाको भूमिका कम हुँदै गएको छ । महिला सिधै दलालको पोल्टोमा पर्न थालेका छन् ।"

चेलीबेटी बेचबिखनविरुद्ध सरकारी र गैरसरकारी निकाय सक्रिय भएसँगै दलालले आफ्नो शैली पनि फेरेका छन् । विगतमा भौतिक उपस्थितिमा नै ललाइफकाइ महिला बेच्ने गिरोह अहिले मोबाइल फोनबाटै महिलालाई लोभ्याएर विदेश पुऱ्याउने गरेको माइती नेपाल नेपालगञ्जका संयोजक कोइराला बताउनुहुन्छ ।

दलालले फोनमा देखाएको प्रलोभनले ग्रामीण सोझा, अशिक्षित महिला मात्रै नभई सचेत महिला पनि फस्ने गरेका छन् । ग्रामीण क्षेत्रका अधिकांश महिलाले 'फेसबुक'भन्दा 'इमो' बढी चलाउने गरेका छन् । "फेसबुक र म्यासेन्जरभन्दा इमोमार्फत कुराकानी गर्न सहज हुन्छ, जोखिममा रहेर उद्धार



गरिएका धेरै महिलाले इमोमार्फत सम्पर्क भएको बताउने गरेका छन्", कोइरालाले भन्नुभयो, "दलालले इमोमार्फत महिलालाई ललाइफकाइ गर्ने शैली अपनाएपछि यसको रोकथाममा पनि चुनौती थपिएको छ ।"

मोबाइल फोन, फेसबुक, म्यासेन्जर, इमोलगायत कारण मानव तस्करलाई नयाँ व्यक्तिसँग चिनजान र सम्पर्क बढाउन सहज बनाइदिएको छ । यसले मानव बेचबिखन तथा ओसारपसारलाई अझै बढी सहज बनाउँदै भनेको समय र स्थानमा बोलाएर भेट्न सजिलो भएको छ । छोटो समयमा अपरिचित मान्छेले फोन गर्ने, नाता जोड्ने, भेटघाट गर्ने र राम्रो जागिर लगाइदिने, प्रेम तथा विवाह गर्ने बहानामा युवतीलाई सीमा कटाउने क्रम बढेकाले पनि मानव बेचबिखन तथा ओसार पसार नियन्त्रणमा चुनौती रहेको छ ।

माइती नेपाल नेपालगञ्जका संयोजक कोइराला अहिले मोबाइल फोन, फेसबुक मानव बेचबिखन तथा ओसारपसारको गतिलो माध्यमका रुपमा प्रयोग भएको बताउनुहुन्छ ।

**सामाजिक सञ्जालबाट सम्बन्ध विस्तार**

पछिल्लो समय धेरै प्रयोगमा आएको सामाजिक सञ्जाल फेसबुक र टिकटकबाट सम्बन्ध विस्तार गरी महिलाहरु बेचबिखनको जोखिममा पर्ने गरेका छन् । टिकटकको माध्यमबाट चिनजान र कुराकानी भई घरबाट हिँडेका घटनामा जोखिम बढी पाइएको माइती नेपाल नेपालगञ्जका संयोजक कोइरालाले बताउनुभयो । माइती नेपालले यसरी टिकटकको माध्यमबाट चिनजान भई सीमापार जान लागेका किशोरीलाई उद्धारसमेत गरेपछि टिकटक पनि बेचबिखनको माध्यम बनेको खुलेको हो ।

गत आर्थिक वर्षमा मात्रै करिब दुई दर्जन महिला सामाजिक सञ्जालमा नै चिनजानको भरमा भारत जान लागेका महिलालाई सीमा नाकाबाट फर्काइएको माइती नेपाल नेपालगञ्जका संयोजक कोइरालाको भनाइ छ । "सामाजिक सञ्जालमा एकअर्कालाई साथी बनाएर कुरा गरेकै भरमा बेचिन पुग्नेजस्ता जोखिमहरु देखापर्न थालेका छन् । अझ अहिले बेचबिखनमा टिकटकको प्रयोग चुनौतीपूर्ण देखिन थालेको छ", बेचबिखनमा आएको परिवर्तित शैलीबारे कोइरालाले भन्नुभयो, "सामाजिक सञ्जालको दायरा फैलिएको छ । फेसबुक, ह्वाट्स एपपछि अहिले मानव बेचबिखनमा टिकटकको प्रयोग तीव्र रुपमा बढिरहेको छ। यसले अशिक्षित र गाउँका महिला मात्रै होइन शिक्षित र सहरिया महिलाहरु पनि जोखिममा छन् ।"

> "प्रविधिका कारण हिजोआज मानव बेचबिखनमा बिचौलियाको भूमिका कम हुँदै गएको छ । महिला सिधै दलालको पोल्टोमा पर्न थालेका छन् ।"

राम्रो लगाउनुपर्ने, मीठो खानुपर्ने र समाजमा देखाउनुपर्ने प्रवृत्ति बढ्दै जाँदा महिलाहरू जानाजान जोखिम मोल्न तयार हुने गरेको पाइएको उहाँको भनाइ छ । माइती नेपालले गत आर्थिक वर्ष २०८१/८२ मा भारत जान लागेका ५१२ महिला तथा बालबालिकालाई नेपाल-भारत सीमाक्षेत्र जमुनाह नाकाबाट उद्दार गरेको छ । उद्धार गरिएकालाई परामर्शपछि अभिभावकको जिम्मा लगाइएको माइती नेपाल नेपालगञ्जका प्रमुख केशव कोइरालाले बताउनुभयो । यो अवधिमा माइती नेपाल नेपालगञ्जले भारतबाट १४ जनाको उद्धार गरेको छ।

गत आर्थिक वर्षमा माइती नेपालको नेपालगञ्जस्थित कार्यालयमा ८१७ खोजतलासको निवेदन परेको थियो । त्यसमध्ये ४३७ जना फेला परेका छन् । अझै ३८० जना बेपत्ता रहेका छन् । माइती नेपालले जोखिमपूर्ण यात्रामा रहेकालाई नाकामै रोकेर अभिभावकको जिम्मा लगाउने गर्दछ । विभिन्न दिवसहरुमा नाकामा जनचेतनामूलक पर्चा, पम्प्लेट बाँड्ने, सडक नाटक देखाउने, अन्तरदेशीय कार्यशाला गर्ने गरेको कोइरालाले जानकारी दिनुभयो । उहाँले खोजतलास तथा उद्धारका लागि धेरै निवेदन आउने र भारत तथा तेस्रो मुलुकबाट उद्धार गर्नुपर्ने हुँदा त्यहाँ सरकारी संयन्त्र नहुँदा उद्धारमा समस्या हुने गरेको बताउनुभयो । भारतबाट त्यहाँको सङ्घसंस्थाको सहयोग लिएर उद्धार गर्ने गरेको उहाँको भनाइ छ।

**नयाँ शैलीले बढ्दो जोखिम**

मानव बेचबिखन तथा ओसारपसारमा प्रयोग भएको नयाँशैलीले रोकथाम अभियान चुनौतीपूर्ण बन्दै गएको मानव बेचबिखनविरुद्ध काम गरिरहेका सङ्घ-संस्थाका प्रतिनिधिको भनाइ छ । मानव दलालहरुले अपनाउने फरक-फरक शैलीले जोखिम बढ्दै गएको शान्ति पुनःस्थापनागृहका क्षेत्रीय संयोजक निर्मल सुवेदी बताउनुहुन्छ।

"वैदेशिक रोजगारीका नाममा भनेर लैजाने तर प्रक्रिया नपुगेका कारण श्रमशोषण, यौनशोषण हुने काममा लगाउने गरेका धेरै घटनाहरु छन्", उहाँले भन्नुभयो, "सामाजिक सञ्जालमार्फत एकले अर्कालाई साथी बनाउने र ती साथीसँग कुरा गरेकै भरमा बेचिन पुग्नेजस्ता जोखिमहरु देखापर्न थालेका छन् ।"

उहाँका अनुसार विगतमा अशिक्षित र गाउँका महिलाहरु बेचबिखनमा पर्ने भए पनि अहिले भने शिक्षित र सहरी क्षेत्रकै महिलाहरु पनि विदेश जाने र धेरै कमाउने लोभमा बेचबिखनमा पर्ने घटनाहरु बढेका छन् । आफू जोखिममा पर्दैछु भन्ने थाहा भए पनि वैदेशिक रोजगारीमा जान चाहने शिक्षित महिलालाई जोगाउन झन् चुनौतीपूर्ण रहेको छ।

**मानव बेचबिखनका घटना बढ्दो**

मानव बेचबिखनका घटना प्रत्येक वर्ष बढ्दै गएका छन् । बढ्दो विलाशीलताप्रतिको आकर्षण, सञ्चार प्रविधिको दुरुपयोग र असुरक्षित बसाइँसराइका कारण मध्यमवर्गका व्यक्ति बेचबिखनमा पर्ने गरेको पाइएको छ । राम्रो लगाउनुपर्ने, मीठो खानुपर्ने र समाजमा देखाउनुपर्ने प्रवृत्ति बढ्दै जाँदा पनि महिला जानाजान जोखिम मोल्न तयार हुने गरेको शक्ति समूहकी क्षेत्रीय अधिकृत निर्मला पौडेलले बताउनुभयो । उहाँले मानव बेचबिखनविरुद्ध कुनै एक व्यक्ति वा एक संस्थाले मात्र प्रयास गरेर नहुने भएकाले समाज र प्रहरी प्रशासनको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्नुभयो।

जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक पातलीले मानव बेचबिखनमा पीडित तथा प्रभावितलाई न्यायका लागि आफूहरु संवेदनशील रहेको बताउनुभयो । मानव बेचबिखनविरुद्ध क्रियाशील सङ्घसंस्थासँगका समन्वयमा जिल्ला प्रहरी कार्यालय बाँकेले मानव बेचबिखनविरुद्ध छ थान मुद्दा दर्ता गरेको पातलीले जानकारी दिनुभयो ।

बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी पूर्णबहादुर खत्रीले बदलिँदो सामाजिक अवस्था र अरूको देखासिखीले पनि मानव बेचबिखनका घटना बढ्दै गएकाले सामाजिक सङ्घसंस्था र स्थानीय सरकारले चेतनासँगसँगै आर्थिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभयो । रासस

# काठमाडौँ उपत्यका सहित देशभरको जनजीवन क्रमश: सामान्य बन्दै

काठमाण्डु । काठमाडौँ उपत्यकाको जनजीवन क्रमशः सामान्य बन्दै गएको छ । अन्य सुरक्षा निकायका समन्वयमा नेपाली सेनाले सुरक्षाको नेतृत्व लिएपछि अहिले काठमाडौँ उपत्यका सहित देशभर नै जनजीवन सामान्यतर्फ अघि बढेको हो ।

आन्दोलनरत जेनजी पुस्ताका प्रतिनिधिहरु वार्ताका लागि प्रतिनिधि छनोट गरेर जाने तयारीमा रहेका छन्भने विभिन्न सङ्घ-सङ्गठनहरुले समस्याको समाधान निकाल्न आह्वान गरिरहेका छन् ।

जेनजीका प्रतिनिधिहरु सडकमा सरसफाइ अभियानमा निस्किएका देखिएको छ । आगजनी गरिएका कार्यालयका कर्मचारीहरु पनि ससरफाइ, कागजात सङ्कलन क्षति भएको संरचना व्यवस्थापन र निर्माणमा पनि सक्रिय भएका छन् । कार्यालय सञ्चालनका लागि आवश्यक कामहरु गरिरहेका छन् ।

सेनाले पनि निषेधाज्ञा तथा कर्फ्यू आदेशलाई क्रमबद्ध खुकुलो बनाउँदै निरन्तरता दिइरहेको छ । विहिबार बिहान ६ देखि ९ बजेसम्म आवतजावत र खाद्यान्न खरिदका लागि सहजीकरण गरिएको छभने आज साँझ ५ बजे ७ बजेसम्मका लागि पनि खुला गरिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले सूचना जारी गरी जानकारी दिएको छ ।

सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार निषेधाज्ञा भदौ २६ गतेको बिहान १० देखि बेलुकी ५ बजेसम्म लागू हुनेछ । कर्फ्यू भने भदौ २६ गते बेलुकी ७ देखि भदौ २७ गते बिहान ६ बजेसम्मका लागि जारी गरिएको छ ।



काठमाडौँ उपत्यका तथा जिल्लाहरुमा अहिले नेपाली सेनाको नेतृत्वमा अन्य सुरक्षा निकायसँगको समन्वयमा शान्तिसुरक्षा प्रभावकारी बनाइएको छ । उपत्यकामा अत्यावश्यक कामका लागि हिँड्डुलमा कुनै समस्या देखिएको छैन । तर अनावश्यक रुपमा हिँड्ने तथा भेला हुने कार्यलाई पूर्ण रुपमा निषेध गरिएको छ ।

निषेधाज्ञा तथा कर्फ्यू समय अत्यावश्यक सेवाका एम्बुलेन्स, शववाहन, दमकल, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सञ्चारकर्मीका साथै, खाद्यान्न, इन्धन, दूध, तरकारी, पानी र औषधि ओसार पसार गर्ने सवारीसाधनहरू सञ्चालन गर्न सकिने सेनाले जानकारी दिएको छ ।


उक्त समयमा सरकारी कार्यालय, बैङ्क तथा वित्तीय संस्थालगायत सार्वजनिक संस्थानमा कार्यरत कर्मचारीले आफ्नो परिचयपत्र देखाई कार्यालयसम्म आवतजावत गर्न सक्ने छन् । यस्तै, आन्तरिक तथा अन्तरराष्ट्रिय उडानका यात्रुहरूले आफ्नो उडानको टिकट देखाई विमानस्थलसम्म आवतजावत गर्न पनि सक्ने सेनाले स्पष्ट गरेको छ । उपत्यकामा आवश्यक सहायताका लागि नजिकमा रहेका सुरक्षाकर्मीहरूसँग समन्वय गर्न अनुरोध पनि गरिएको छ ।रासस

# हिंसामा महिला

काठमाण्डु । केहि समय पहिले अत्यधिक ज्वरो आयो भनेर उपचारका लागि अस्पताल आउनुभएकी एक १३ वर्षीया बालिकाले असुरक्षित गर्भपतन गरेको पाइयो । यो कुरा परिवारलाई जानकारी नै थिएन । धौलागिरी प्रादेशिक अस्पताल बागलुङ्का निमित्त मेडिकल सुपरिटेण्डेन्ट अमिट ढुङ्गाना भन्नुहुन्छ,"उहाँले आफ्ना प्रेमीसँग मिलेर असुरक्षित गर्भपतन गराएकी रहिछन् । लामो समयको मनोपरामर्शपछि स्वास्थ्यकर्मीलाई बताउँदा स्वास्थ्यमा गम्भीर समस्या भइसकेको थियो ।"

अस्पतालमा रहेको एकद्वार सङ्कट व्यवस्थापन केन्द्रले यस्तै समस्या लिएर आउनेहरूलाई मनोपरामर्श, उपचार र पुनस्थापनाको काम गर्दै आएको छ । पेट दुख्यो, ज्वरो आयो भन्दै अस्पताल आउनेहरूको उपचारका क्रममा श्रीमान्, घरपरिवार र प्रेमीबाट हिंसामा परेको खुल्ने गरेको डा ढुङ्गानाको भनाइ छ । यसरी हिंसामा पर्नेमा अधिकांश दलित समुदायका महिला छन् ।

अस्पतालले आर्थिक वर्ष २०७९/२०८०मा एक सय छ जना हिंसापीडित महिलाको उपचार गरेको छ । जसमध्ये २८ जना बलात्कारमा परेका थिए भने १० जना शारीरिक र ४० जना मानसिक रूपमा समस्यामा रहेको तथ्याङ्क छ । यस्तै, आव २०८०/२०८१ मा पनि एक सय छ जना हिंसापीडित महिला उपचारका लागि आएका थिए । तीमध्ये ११ जना बलात्कार, १८ जना शारीरिक र ५५ जना मानसिक स्वास्थ्यसम्बन्धी उपचारका लागि आएका थिए ।
रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# जेन-जी आन्दोलन र अन्तरिम सरकार गठनको चर्चा

हालै प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामापछि नेपालको राजनीतिक वृत्तमा नयाँ तरंग सिर्जना भएको छ। यस संवेदनशील समयमा युवा पुस्ता, विशेषगरी जेन-जी समूहको भूमिका र उनीहरूले अघि सारेका प्रस्तावहरूले राष्ट्रिय बहसलाई नयाँ मोड दिएको छ। उनीहरूले नयाँ सरकार गठनका लागि नेपाली सेनासँग गरेको संवाद र त्यसक्रममा उठेका विभिन्न नामहरूले भविष्यको राजनीति कस्तो होला भन्नेबारे धेरै प्रश्न खडा गरेको छ। नेपालको राजनीतिमा परम्परागत राजनीतिक दलहरूको नेतृत्वप्रति बढ्दो वितृष्णाको बीचमा जेन-जी पुस्ताले सामाजिक सञ्जाल र अन्य माध्यमबाट आफ्नो असन्तुष्टि व्यक्त गर्दै आएका छन्। यसपटक उनीहरूले निष्क्रिय विरोधको सट्टा, नेपाली सेनासँग प्रत्यक्ष संवाद गरेर नयाँ सरकारको नेतृत्वका लागि पहल गर्नुलाई एक महत्त्वपूर्ण घटना मान्न सकिन्छ। यो घटनाले युवा पुस्ता अब सामाजिक सञ्जालमा मात्र सीमित नभई निर्णायक भूमिका खेल्न तयार रहेको संकेत गर्छ। यस संवादको क्रममा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की, अभियन्ता कुलमान घिसिंग, काठमाण्डु महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन), र धरानका मेयर हर्क साम्पाङ जस्ता स्वतन्त्र र लोकप्रिय व्यक्तित्वहरूको नाम चर्चामा आएको थियो। यी नामहरू भ्रष्टाचारमुक्त र सुशासनको पक्षमा वकालत गर्ने नेताहरूका रूपमा चिनिन्छन्, जसले युवाहरूको चाहनालाई प्रतिविम्बित गर्छ। जेन-जी प्रतिनिधिहरूले नेपाली सेनासमक्ष नयाँ नेतृत्वका लागि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नाम प्रस्ताव गर्नुलाई धेरै कोणबाट हेर्न सकिन्छ। पूर्वप्रधानन्यायाधीश कार्कीले सर्वोच्च अदालतको नेतृत्व गर्दा भ्रष्टाचार र अनियमितताविरुद्ध लिएका कडा अडानका कारण उनको छवि स्वच्छ र इमान्दार रहेको छ। कानुन र विधिको शासनलाई प्राथमिकता दिने उनको विगतको कार्यशैलीले युवाहरूलाई आकर्षित गरेको देखिन्छ। यद्यपि, उनको नामलाई लिएर जेन-जी भित्रै पनि असहमति देखिएको छ। कतिपय युवाहरूले बालेन्द्र शाह, कुलमान घिसिंगजस्ता लोकप्रिय मेयरलाई नै अगाडि बढाउनुपर्ने माग गर्दै विरोध प्रदर्शनसमेत गरेका छन्। यस्ता खाले आन्तरिक द्वन्द्वले जेन-जी समूहबीच एउटै विचारमा पूर्णतः एकताबद्ध देखिएका छैनन्। उनीहरु कुटाकुटदेखि उग्रविवादसम्म भएको देखिन्छ। त्यसैले नयाँ सरकार गठनको प्रक्रिया संविधानसम्मत हुनुपर्छ। जेन-जीले उठाएका मागहरूलाई सम्बोधन गर्न राजनीतिक दलहरू र संवैधानिक निकायहरू जिम्मेवार हुनुपर्छ। सेनासँगको संवादलाई 'ब्याक च्यानल' का रूपमा प्रयोग गर्नुभन्दा नागरिक समाज र राजनीतिक नेतृत्वले खुला बहस र छलफलका लागि वातावरण बनाउनुपर्छ। जेन-जी पुस्ताले आन्तरिक मतभेदलाई व्यवस्थापन गरेर एउटै साझा एजेन्डामा सहमति जुटाउनुपर्छ। अन्यथा उनीहरूको आन्दोलन छरिएर कमजोर हुन सक्छ। अहिलेको विषम परिस्थितिको संवेदनशीलतालाई बुझेर युवाहरूको सक्रियताले नेपालको राजनीतिक भविष्यमा ठूलो प्रभाव पार्न सक्ने देखिन्छ। उनीहरूले उठाएका माग र प्रस्तावहरूले नयाँ नेतृत्वको आवश्यकतालाई उजागर गरेको छ। अबको चुनौती भनेको उनीहरुको मागलाई शान्तिपूर्ण र संवैधानिक तरिकाले सम्बोधन जरुरी छ। यदि जेन-जीको पहल सफल भएमा यसले नेपाली राजनीतिको भविष्यको दिशा नै परिवर्तन गर्न सक्छ।

## पत्रकारको सुरक्षाः

# पेशागत आचारसंहिता र सावधानीका उपाय



प्रेमचन्द्र झा

पत्रकारिता लोकतन्त्रको चौथो अंग हो भन्ने आदर्श भनाइले मात्र होइन, व्यवहारमै पनि पत्रकारको भूमिका समाजमा अत्यन्त महत्त्वपूर्ण हुन्छ। जनताको आवाज बन्ने, सत्ताको निगरानी गर्ने र तथ्यमा आधारित सूचना प्रवाह गर्ने पत्रकारको पेशा चुनौतीपूर्ण मात्र होइन, जोखिमपूर्ण पनि छ। यस्तो पेशामा संलग्न व्यक्तिहरूका लागि आत्मसुरक्षा अत्यावश्यक हुन्छ।

वर्तमान सामाजिक, राजनीतिक र प्रविधिमैत्री परिवेशमा पत्रकारहरू अनेक खालका जोखिमको सामना गर्दै आएका छन्। युद्ध, महामारी, दंगा, प्राकृतिक विपत्ति, आपराधिक घटना र शक्तिशाली वर्गको विरोधका बीच पत्रकारले सत्य खोज्ने प्रयत्न गर्छन्। यस्ता संवेदनशील र जोखिमयुक्त अवस्थामा पत्रकारले आफ्नो कार्य निष्पक्ष र जिम्मेवार तरिकाले गर्न सकून् भन्ने हेतुले केही महत्वपूर्ण सावधानी र आचारसंहिता अपनाउनु जरुरी हुन्छ।

पत्रकारका लागि परिचयपत्र एउटा सुरक्षा कवच हो। यो केवल उनको पेशागत हैसियत प्रमाणित गर्ने साधन मात्र नभई आपतकालीन अवस्थामा सुरक्षा निकाय, स्थानीय प्रशासन वा सर्वसाधारणसँग परिचय गराउने औजार पनि हो। विभिन्न घटनास्थलमा प्रहरी, सुरक्षाकर्मी वा अन्य अधिकारीहरूसँगको सम्पर्कमा पत्रकार परिचयपत्रमार्फत आफ्नो उद्देश्य स्पष्ट पार्न सक्छन्। परिचयपत्र नभएको अवस्थामा पत्रकारको गतिविधिलाई संकाको दृष्टिले हेरिन सक्छ। त्यसैले चाहे रिपोर्टिङ होस् वा नियमित आवागमन, परिचयपत्र सधैं साथमा राख्नुपर्छ।

पत्रकारिता पेशामा सत्यतथ्य खोज्ने जोशले कहिलेकाहीँ सुरक्षालाई नजरअन्दाज गरिन्छ। तर, कुनै समाचारभन्दा पनि जीवनको मूल्य ठूलो हुन्छ। सत्य उजागर गर्ने प्रयास गर्दा जीवनलाई जोखिममा पार्नु बुद्धिमानी होइन। जोखिमयुक्त क्षेत्र वा घटनास्थलमा जाँदा सुरक्षाका आवश्यक उपायहरू अवलम्बन गर्नु अनिवार्य छ। उदाहरणका लागि, यदि दंगा, भिडभाड, वा अप्ठ्यारो भूगोलमा रिपोर्टिङ गर्नुपर्छ भने त्यसको लागि आवश्यक उपकरण (जस्तैः हेल्मेट, मास्क, प्रेस ज्याकेट आदि) प्रयोग गर्नु जरुरी हुन्छ। साथै, जोखिमको मूल्याङ्कन गरेर त्यस्ता क्षेत्रमा जानु अघि नियोजित योजना बनाउनुपर्ने हुन्छ। आफ्नो सुरक्षा सुनिश्चित नगरी कुनै पनि काममा होमिनु आत्मघाती हुन सक्छ।

पत्रकारहरूलाई चिनाउनका लागि विशेष डिजाइन गरिएको 'प्रेस' लेखिएको ज्याकेट वा टी-सर्ट पत्रकारको सुरक्षाका लागि थप उपाय हो। यसले सुरक्षाकर्मी र जनताबीच पत्रकारको पहिचान स्थापित गर्न मद्दत गर्छ। विशेषगरी आन्दोलन, भिडभाड, दंगा वा द्रुत गतिमा हुने घटनास्थलहरूमा पत्रकारलाई सुरक्षा दिन यो पहिचान अत्यावश्यक हुन्छ। तर, प्रेस लेखिएको ज्याकेट लगाउनु स्वयंमा सुरक्षा नहुन सक्छ। त्यसैले जोखिमको मूल्याङ्कन गर्दै, आवश्यक उपाय अपनाएर मात्र रिपोर्टिङको जिम्मेवारी वहन गर्नु उचित हुन्छ।

रिपोर्टिङका क्रममा आवतजावत गर्ने माध्यम, रुट र समयको उचित मूल्याङ्कन आवश्यक हुन्छ। अप्ठ्यारो क्षेत्र, अपरिचित स्थान वा रातको समयमा रिपोर्टिङ गर्नुपरेमा झनै सजग हुनुपर्छ। एक्लै रिपोर्टिङमा जानु भनेको सम्भावित खतरासँग एक्लै जुध्नु हो। त्यस्ता अवस्थामा कसैले सघाउन सक्दैन, उद्धार गर्न सक्दैन। तसर्थ, सम्भव भएसम्म समूहमा, सहकर्मी वा क्यामराम्यानसँगै जानुहोस्। यदि समूहमा जान सम्भव छैन भने कम्तीमा पनि तपाईंको गन्तव्य, समय र कार्य योजनाबारे कार्यालय, परिवार वा अन्य विश्वस्त व्यक्तिलाई जानकारी दिनुहोस्।

पत्रकारहरूको हकहित, सुरक्षा र अधिकारको रक्षाका लागि विभिन्न संघसंस्थाहरू सक्रिय छन्। नेपाल पत्रकार महासंघ, प्रेस काउन्सिल नेपाल, तथा स्थानीय पत्रकार समूहहरूले संकटका समयमा आवश्यक सहयोग गर्न सक्छन्। रिपोर्टिङका क्रममा कुनै अवरोध, धम्की, दुर्व्यवहार वा हिंसा भएमा तुरुन्तै यस्ता निकायसँग सम्पर्क गर्नुपर्छ। त्यसैगरी, समाचार सम्पादन कक्ष, सम्पादक, ब्युरो प्रमुख वा कार्यकारी सम्पादकसँग पनि निरन्तर सम्पर्कमा रहनु अत्यावश्यक हुन्छ। यो मात्र होइन, स्थानीय प्रशासन वा प्रहरीसँग पनि आवश्यक परेको खण्डमा समन्वय गर्न पछि नपर्नुहोस्।

सुरक्षाको एउटा अभिन्न पक्ष पत्रकारको पेशागत आचरणसँग जोडिएको हुन्छ। तथ्य नघटाइ प्रस्तुत गर्नु, पक्षपात नगर्नु, अफवाहमा विश्वास नगरी प्रमाणसहित मात्र समाचार प्रकाशन गर्नु पत्रकारिताको मेरुदण्ड हो। पक्षपाती, उत्तेजक वा झूटो समाचारले पत्रकारलाई मात्र होइन, समग्र सञ्चार जगतलाई नै संकटमा पार्न सक्छ। त्यस्ता समाचारको कारण विवाद, धम्की, आक्रमणसम्मको जोखिम आउन सक्छ। अतः स्रोतको विश्वसनीयता, जानकारीको पुष्टि र विषयवस्तुको सन्तुलन अत्यावश्यक हुन्छ। प्रमाणविना प्रकाशित समाचारले कानुनी कारबाहीको सम्भावनासमेत निम्त्याउन सक्छ।

अपराध, राजनीतिगत विवाद, धार्मिक वा जातीय विषय, महिला हिंसा, बालबालिका वा यौनजन्य विषयहरू अत्यन्त संवेदनशील हुन्छन्। यस्ता विषयमा रिपोर्टिङ गर्दा सम्बन्धित व्यक्ति वा समुदायको सम्मान, गोपनीयता र कानुनी अधिकारको ख्याल राख्नुपर्छ। साथै, यस्ता विषयहरूमा रिपोर्टिङ गर्दा सम्भावित कानुनी, सामाजिक वा व्यक्तिगत जोखिमको समेत विश्लेषण गर्नुपर्छ।

भौतिक सुरक्षाजस्तै डिजिटल सुरक्षा पनि आजको युगमा अत्यावश्यक भएको छ। अनलाइन रिपोर्टिङ, सामाजिक सञ्जालमार्फत सूचना प्रवाह, इमेल, मेसेज आदिमा गोपनीयता र डेटा सुरक्षाको ख्याल गर्नुपर्छ। पासवर्ड सुरक्षित राख्ने, अज्ञात स्रोतबाट आएको फाइल वा लिंक नखोल्ने, सत्यता नपुगेका सूचना नसेयर गर्नेजस्ता सावधानी अपनाउनु जरुरी छ। कहिलेकाहीँ पत्रकारहरू साइबर हमलाको शिकार हुन्छन्, विशेषगरी विवादास्पद वा शक्तिशाली समूहबारे रिपोर्टिङ गर्दा। यस्तो अवस्थामा साइबर सुरक्षा विशेषज्ञ वा आफ्नो संस्थाको आइटी विभागसँग समन्वय गर्नु राम्रो हुन्छ।




पत्रकारले आफ्नो पेशागत दक्षता बढाउनु मात्र होइन, संकट व्यवस्थापन, आपतकालीन प्रतिक्रिया, सुरक्षात्मक उपाय र जोखिम मूल्याङ्कनसम्बन्धी तालिम लिने अभ्यास गर्नुपर्छ। नेपालमा केही संस्थाहरूले समयसमयमा यस्ता तालिम सञ्चालन गर्छन्, जसमा सहभागी भई आत्मसुरक्षाका उपायहरू सिक्न सकिन्छ।

अन्त्यमा, पत्रकारको स्वतन्त्रता सुनिश्चित हुनु अत्यावश्यक भए पनि त्यो स्वतन्त्रतामा जिम्मेवारीको अनुभूति पनि हुनुपर्छ। प्रेस स्वतन्त्रता भनेको मनपरी गर्ने छुट होइन; यो तथ्य, प्रमाण र निष्पक्षताको आधारमा सत्य सार्वजनिक गर्ने अधिकार हो। यदि पत्रकारले आफूमा निहित अधिकारको दुरुपयोग गरे भने त्यो आफ्नै सुरक्षामा खतरा बन्न सक्छ। त्यसैले, पेशागत इमानदारी, निष्ठा र समाजप्रतिको उत्तरदायित्वलाई आत्मसात गर्दै मात्र पत्रकारिता गरिनुपर्छ।

यस्तो पेशामा संलग्न हुँदा केवल समाचार सङ्कलन वा सम्प्रेषण गर्नु पर्याप्त हुँदैन; पत्रकारले आफ्नो जीवन, परिवार, संस्थागत प्रतिष्ठा र सामाजिक जिम्मेवारीको समेत ख्याल राख्नुपर्छ। पत्रकारको कलमले सरकार हल्लाउन सक्छ, अपराधलाई उजागर गर्न सक्छ, पीडितको आवाज बन्न सक्छ – तर यो सबै जिम्मेवारी सावधानीपूर्वक र सुरक्षाका उपायहरू पालना गरेर मात्र सम्भव हुन्छ।

त्यसैले पत्रकारितालाई दीर्घकालीन रूपमा सुरक्षित, विश्वसनीय र सम्मानित बनाउन चाहने हरूले सधैँ स्मरणमा राख्नुपर्ने कुरा के हो भने जीवन बिना पत्रकारिता सम्भव छैन। पहिचान स्पष्ट राख्नुपर्छ, समूहमा काम गर्दा सुरक्षा र परिणाम दुवै बलियो हुन्छन्। संकटका बेला सम्पर्क र समन्वय नै समाधान हो। पत्रकारिताको आत्मा नै सत्य, प्रमाण र निष्पक्षता हो। डिजिटल सुरक्षा अवलम्बन नगरेर आधुनिक खतरा टार्न सकिँदैन।

नेपाल र विश्वका विभिन्न उदाहरणहरूले देखाउँछन् कि सावधानी र आचारसंहिता अपनाउने पत्रकारहरू न केवल सुरक्षित रहन्छन्, उनीहरू समाजमा पनि आदर्श मानिन्छन्।

। विपद् व्यवस्थापन रिपोर्टिङ (भूकम्प, बाढी, पहिरो) मा प्रेस ज्याकेट, हेल्मेट र मास्क प्रयोग गरी जोखिमयुक्त क्षेत्र रिपोर्ट गर्ने अभ्यासले कयौं पत्रकारको जीवन बचाएको छ।

युवापुस्ताका लागि विशेष गरी पेशागत प्रशिक्षण र सुरक्षाप्रति सचेतना अत्यावश्यक हुन्छ। संस्थागत रूपमा मिडिया हाउसहरूले पत्रकारहरूको सुरक्षाका लागि ठोस कदम चाल्नु आवश्यक छ। सुरक्षा प्रशिक्षण अनिवार्य बनाउनुपर्छ, सुरक्षासम्बन्धी स्पष्ट गाइडलाइनहरू प्रत्येक पत्रकारलाई उपलब्ध गराउनुपर्छ, संकटकालीन अवस्थाका लागि 'रेपिड रेस्पोन्स टीम' गठन गर्नुपर्छ र फिल्ड तथा डेस्कका पत्रकारबीच नियमित 'सिचुएशनल ब्रिफिङ' को अभ्यास गर्नु आवश्यक हुन्छ।

आजको युगमा पत्रकारिताले नयाँ चुनौतीहरू सामना गरिरहेको छ। सामाजिक सञ्जालको द्रुत प्रभाव, फेक न्यूजको प्रवाह, कृत्रिम बुद्धिमत्ता (ब्क्ष) द्वारा सिर्जित कन्टेन्ट जस्ता चुनौतीहरू पत्रकारको सुरक्षामाथि मात्र होइन, पत्रकारिताको विश्वसनीयतामाथि नै प्रश्न खडा गर्छन्। यस्तो अवस्थामा पत्रकारले फेक न्यूजको सत्यापन गर्न जान्नुपर्छ, स्रोतको नैतिकता र गोपनीयताको रक्षा गर्नुपर्छ र आफ्नो समाचारले समाजमा पार्ने प्रभावको गम्भीर मूल्याङ्कन गर्न जान्नुपर्छ।

निष्कर्षमा, पत्रकारको सुरक्षाबिना स्वतन्त्र पत्रकारिता सम्भव छैन। एकजना पत्रकारको जीवन जोगिनु भनेको दर्जनौं सत्य उजागर हुने सम्भावनालाई बचाइराख्नु हो। त्यसैले पत्रकारहरूले आत्मसुरक्षा, पेशागत आचारसंहिता, संयम र जिम्मेवारीका सबै पक्षमा सचेत रहनु आवश्यक छ। सुरक्षा केवल शारीरिक हैन – मनोवैज्ञानिक, सामाजिक, डिजिटल, कानुनी सबै पक्ष समेट्ने व्यापक दृष्टिकोण अपनाइनुपर्छ।

यदि हामी "सजग पत्रकार, सुरक्षित पत्रकार" भन्ने मूलमन्त्रलाई व्यवहारमा उतार्न सक्यौं भने मात्र पत्रकारिता सुरक्षित हुन्छ, स्वतन्त्रता टिक्छ र लोकतन्त्र बलियो बन्छ।

# देशको आँसु कसले पुछ्ने ?



रमेश कुमार बोहोरा

देश नयाँ युगमा प्रवेश गर्ने क्रममा संक्रमणकालको उत्कर्षमा रहेको छ। आन्दोलनकारी जेनजी भावी नेतृत्व चयनको बहसमा केन्द्रित छ, नेपाली सेना जनताको सुरक्षामा खटिएको छ। तर, यो अत्यन्त तरल अवस्थामा सरकारविहीनता लम्बिनु घातक छ।

अहिलेको समय भावना, आक्रोश आवेग मात्र नभई लोकतान्त्रिक पद्धतिको समेत ख्याल गर्नुपर्नेछ। आन्दोलनको बलमा जे गरे पनि हुन्छ भन्ने गलत अभ्यासले कालान्तरमा देशलाई नै घाटा हुन्छ।

अहिले मुलुक रोइरहेको छ, नेपाल आमाको आँखाबाट बगिरहेको आँसु पुछ्ने सवाल केवल आन्दोलनको म्याण्डेट मात्र होइन, संवैधानिक, कानुनी हुँदै सामाजिक देशको ऐतिहासिक पक्षसंग पनि जोडिएको छ।

छोटो समयको आन्दोलनले जे गर्यो त्यो ऐतिहासिक छ, आन्दोलनका नाममा जेजस्तो प्रहार राष्ट्रको धरोहरहरुमा भयो त्यो पनि ऐतिहासिक नै। अब यिनको पुनःनिर्माण ठूलो प्रश्नको रूपमा खडा भएको छ। मेटिएका, जलेर खरानी भएका ऐतिहासिक दस्तावेजहरुको सवलीकरण ठूलो चुनौति बनेको छ। सेवा प्रवाह अर्को कठीन अवस्था बन्दैछ।

सिंहदरबारदेखि संसद भवन, सर्वोच्च अदालतदेखि प्रहरी कार्यालयसम्म, अभिलेखालयदेखि सडक विभागसम्म, सम्पूर्ण राज्य संयन्त्र खरानीमा परिणत हुनु केवल भौतिक क्षति होइन लोकतान्त्रिक मूल्य र प्रणालीलाई नै गम्भीर क्षति पुग्नु हो।

देशको इतिहास जलेर खरानी भयो, भूगोल र सीमासम्बन्धी कागजात हराए, कैयौं अपराधी जेलबाट मुक्त भए। यस्तो परिस्थितिमा मुलुकले कुन बाटो रोज्ने भन्ने प्रश्नले सबैलाई सताएको छ र यी प्रश्नहरुको उत्तर निकाल्दै आन्दोलनकारीहरुको भावना बुझ्ने र देशलाई सहज गति दिने नेतृत्व अहिले चाहिएको छ।

जेनजी पुस्ताले सुरु गरेको आन्दोलन सुरुवातीमा शान्तिपूर्ण मागको रूपमा सुरु भए पनि हिंस्रक रुप लिँदै जानु यस पुस्ताको असंगठित नेतृत्वको परिणाम पनि हो। जसले गर्दा राष्ट्रपति र प्रधानसेनापतिले वार्ताका लागि आह्वान गरे पनि प्रतिनिधि चयन हुन सकेन। देशको अन्तरिम नेतृत्व गर्ने पात्रको चयन झन धेरै परको विषय बन्दा यसले थप अन्योल सिर्जना गरेको छ।

हुन त जेनी आन्दोलनन सत्ता ढाल्ने योजनाबाट भएकै थिएन। उनीहरु आफ्ना आवाज सडकमार्फत सरकारसम्म पुर्याउन मात्र चाहन्थे। त, परिस्थिति यस्तरी उल्टियो कि सरकारले आफ्नै खुट्टामा बञ्चरो हान्यो। देश सरकारविहीन भयो, दलका नेताहरुको अस्तित्व मेटिन पुग्यो।

अहिलेको परिस्थितिमा लोकतान्त्रिक निकास के हो भन्ने सवाल अझै खुला छ। आन्दोलनले नयाँ मोड लिएपछि जेनजी पुस्ताले संसद विघटनदेखि अन्तरिम नागरिक सरकारको अवधारणा अघि सारेका छन्।

यसका लागि पनि संविधान बमोजिम नै प्रक्रिया अघि बढाउनुपर्दछ। संविधानविद्हरूले संसद् कायम भएको अवस्थामा संसदभित्रकै बाटो खोज्नुपर्ने सुझाव दिएका छन्। तर आन्दोलनले संसदप्रतिको अविश्वास प्रकट गरिरहेको छ। यहीँबाट अर्को संकट सुरु भएको छ। राष्ट्रपतिद्वारा संसद विघटनको घोषणा, नयाँ निर्वाचनको आव्हानसहित अन्तरिम मन्त्रिपरिषद् गठनको आव्हान गर्नुपर्दछ।

तयारी यसैको छ, तर प्रश्न कसको नेतृत्वमा सरकार ? सबैले रुचाएको को हो ? शतप्रतिशत कोही पनि छैन, जनताको भावना बुझ्ने, युवा पुस्तालाई समेट्नसक्ने, र राजनीतिक कूटनीतिक क्षमता भएका व्यक्ति अहिलेको खोजी हो। अहिले असंगठित युवाहरुको आन्दोलनले मुलुकलाई नयाँ युगमा प्रवेश गयो, तर गम्भीर राजनीतिक संकट पनि निम्तियो।

विगतका आन्दोलनहरु संगठित थिए र सत्ता ढल्नासाथ अर्को सत्ता बन्यो। तर, अहिलेका अवस्था फरक छ। यो अवस्थालाई अरु लम्बिन दिनु भनेको मुलुकको अस्तित्वमाथि नै प्रश्न उठ्नु हो। अन्तर्राष्ट्रिय दृष्टान्त पनि यसमा सान्दर्भिक छन्।

अरब वसन्तले ट्यूनिसियामा परिवर्तन ल्यायो तर इजिप्ट र लिबियामा नेतृत्वविहीन आन्दोलन अराजकता र अस्थिरतामा परिणत भयो नेपालको अहिलेको अवस्था त्यही खतरातर्फ धकेलिएको छ। सबैपक्ष गम्भीर हुनु आवश्यक छ।

आवेग र आक्रोशले मात्र देश बन्दैन। यसर्थ व्यापक परामर्श आवश्यक छ। संविधानविद्हरूले मध्यमार्गी निकास सुझाएका छन्। संसद विघटनको माग आधिकारिक रूपमा जेनजी पुस्ताले उठाएका छैनन् बरु मेयर बालेन्द्र शाहले सार्वजनिक रूपमा बोलेका हुन्। संसद विघटन सहज प्रक्रिया होइन।



यो केवल उद्देश्यपूर्ण अवस्थामा मात्र सम्भव हुन्छ र त्यसका लागि राष्ट्रपति, आन्दोलनकारी नेतृत्व र नेपाली सेनाबीच सहमति आवश्यक हुन्छ। सेनाबिना कुनै पनि राजनीतिक निर्णय दीर्घकालीन रूपमा टिक्न सक्दैन भन्ने तथ्य इतिहासले प्रमाणित गरिसकेको छ।

अहिलेको प्रमुख बहस 'राष्ट्रिय सरकार' वा 'अन्तरिम नागरिक सरकार' भन्ने छ। संविधानअनुसार संसदभित्रका सदस्यले सरकार बनाउन सक्छन्। तर आन्दोलनले त्यसलाई मान्यता दिने सम्भावनै छैन र त्यो दिशामा जाने पनि होइनन।

यस्तो अवस्थामा सबै पक्षलाई समेट्ने, प्रतिनिधित्व हुने, समावेशी र सर्वस्वीकार्य सरकार नै निकास बन्नसक्ने देखिन्छ। यस्तो सरकारले आन्दोलनकारी युवाहरूलाई पनि प्रतिनिधित्व दिलाउनुपर्छ जसले आन्दोलनलाई वैधता दिनेछ।

अन्तरिम सरकार छोटो अवधिको समाधान हो। यसले तत्कालीन माग सम्बोधन गरेर निकास दिन सक्छ र ६ महिनाभित्र चुनाव गराएर नयाँ जनादेशअनुसार स्थायी सरकार गठन गर्न सकिन्छ।

यस्तो सरकार बनाउन राष्ट्रपति र सेनाको सक्रियता जारी छ। राजनीतिक दलहरुले पनि जेनजीकै माग र चाहना अनुसार होस् भनिसकेकाले यो सहज छ तर, नेतृत्व कसको ? त्यो नेतृत्वले देशको जटिल अवस्थालाई हाँक्न सक्छ कि सक्दैन ? यो गम्भीर प्रश्न कायम छ।

जेनजी पुस्ताले आन्दोलन हिंस्रक नभएको, बाह्य घुसपैठ र आपराधिक समूहको संलग्नताले हिंसा भएको दाबी गरेका छन्। उनीहरूले भएको धनजनको क्षतिबारे निष्पक्ष छानबिन माग गरेका छन्। तर, माग कोसमक्ष ? देशमा सरकार छैन। यसका लागि द्रुत पहल आवश्यक छ। आवेग होइन, संविधान टेकेर अघि बढ्नैपर्छ। अन्यथा आन्दोलनको विश्वास र वैधता गुम्नेछ।

अन्तर्राष्ट्रिय दृष्टान्तले देखाउँछ सर्बिया, ट्युनिसिया, दक्षिण अफ्रिकामा नागरिक आन्दोलनले राष्ट्रिय सरकार वा संक्रमणकालीन सरकारमार्फत निकास दिएको थियो। तर लिबिया र सिरियामा नेतृत्वविहीन आन्दोलन अराजकता, गृहयुद्ध र विदेशी हस्तक्षेपमा परिणत भयो। नेपाल कुन बाटो जान्छ भन्ने आजको निर्णयमा भर पर्छ।

आज पत्रकारिता, नागरिक समाज र बुद्धिजीवीहरूको भूमिका महत्त्वपूर्ण छ। उनीहरूले केवल आलोचना मात्र होइन निकासका व्यावहारिक सुझाव दिनुपर्छ। नागरिकले संयमता र जिम्मेवारीका साथ सहभागिता जनाउनुपर्छ।

आन्दोलनकारीले संगठनात्मक क्षमता बढाउँदै वैकल्पिक नेतृत्व निर्माण गर्नुपर्छ। राजनीतिक दलहरूले राष्ट्रहितलाई प्राथमिकता दिनुपर्छ। सेना र राष्ट्रपतिले स्थायित्व कायम गर्न संवैधानिक सीमाभित्र रहनुपर्छ।

देश अहिले गम्भीर मोडमा छ। एउटा बाटो अराजकता, विघटन र दीर्घकालीन अस्थिरतामा लैजाने छ भने अर्को बाटो संवाद, सहमति र संस्थागत स्थायित्वतर्फ लैजानेछ। कुन बाटो रोज्ने भन्ने निर्णय आजको नेतृत्व र नयाँ पुस्ताले गर्नुपर्नेछ। यदि असफल भयौं भने केवल संरचना मात्र होइन, सम्पूर्ण राष्ट्र अस्तित्वमै संकटमा पर्छ।

देशको आँसु पुछ्ने काम केवल भावनाले सम्भव हुँदैन। यो काम गर्न दूरदृष्टि, जिम्मेवारी र साहस चाहिन्छ। त्यो जिम्मेवारी अब सबैले बाँड्नुपर्छ पुराना दल, नयाँ पुस्ता, सेना, राष्ट्रपति, नागरिक समाज र आम जनता सबैले। साझा जिम्मेवारी मात्र यो संकटलाई निकास दिन सक्छ। अन्यथा देशको आँसु अझै लामो समयसम्म बगिरहनेछ। ( लेखकः- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ )

## गणतन्त्रलाई थप बलियो बनाउन बृहत् नागरिक आन्दोलनको आग्रह




काठमाण्डु । बृहत् नागरिक आन्दोलनले संविधानका संरक्षक राष्ट्रपतिको अभिभावकत्वमा 'जेनजी' क्रान्तिको सफलताको बाटो पहिल्याउनु आजको आवश्यकता भएको ठहर गरेको छ। आन्दोलनले विहिबार विज्ञप्ति जारी गर्दै राष्ट्रपतिको सहभागिता र अभिभावकत्वमा मात्रै वर्तमान राजनीतिक परिस्थितिको निकास खोज्ने काम गर्न आग्रह गरेको छ।

"संविधानले आफूलाई दिएको गम्भीर उत्तरदायित्व र जेनजी क्रान्तिले दिएको ऐतिहासिक भूमिकालाई मनन गर्दै नेपाली सेनाको नेतृत्वले आफ्नो भूमिका पूरा गरोस्", आन्दोलनका तर्फबाट जारी विज्ञप्तिमा उल्लेख छ। आन्दोलनले नागरिकको सङ्घर्षको बलमा स्थापित गणतन्त्र र धर्मनिरपेक्षतालाई थप बलियो बनाएर लैजानुपर्ने आवश्यकता औँल्याएको छ।

अब बन्ने नागरिक सरकारलाई वर्तमान संविधानको आडमा उभ्याएर र संवैधानिक मार्गबाट विमुख नभई भ्रष्टाचार र बेथितिविरुद्ध निरन्तर सतर्कता साथ अघि बढ्न खबरदारी गर्नुपर्ने उल्लेख गर्दै आन्दोलनले यस विषयमा जेनजीलाई जस्तोसुकै साथ दिन नागरिक समाज तयार रहेको जनाइएको छ।रासस

## संविधानसम्मत र लोकतान्त्रिक विधिबाट राजनीतिक निकास दिनुपर्नेः महासचिव पोखरेल



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले संविधानसम्मत र लोकतान्त्रिक विधिबाट अबको राजनीतिक निकास खोजिनुपर्नेमा जोड दिएको छ।

प्रधानमन्त्रीले राजीनामा दिनुभएपछि मुलुकमा विकसित पछिल्लो राजनीतिक घटनाक्रमबारे विहिबार पार्टीको केन्द्रीय सचिवालयका तर्फबाट वक्तव्य जारी गर्दै एमाले महासचिव शङ्कर पोखरेलले संविधान र लोकतान्त्रिक विधिबमोजिम देशलाई राजनीतिक निकास दिनुपर्ने बताउनुभएको हो।


उहाँले संविधानका मर्मअनुरुप सार्थक संवाद सुरु गर्न र नेतृत्वदायी पहलकदमी लिन राष्ट्रपति रामचन्द्र पौडेललाई आग्रह गर्नुभएको छ। "यस्तो विषय परिस्थितिमा सङ्घीय संसद्, न्यायपालिका, प्रदेशसभा, प्रदेश सरकार र स्थानीय तहहरुले आ-आफ्नो स्थानबाट लोकतन्त्रको रक्षाका लागि रचनात्मक भूमिका खेलून् भन्ने हाम्रो आग्रह छ," महासचिव पोखरेलले भन्नुभयो, "स्थानीय निकायहरुले निर्बाध रुपमा सेवा प्रवाह गर्ने वातावरण निर्माण गरिनुपर्छ। संविधान, लोकतन्त्र, गणतन्त्र, शान्ति र राष्ट्रिय स्वाभिमानका पक्षधर सबै राजनीतिक दलहरुलाई पारस्परिक संवादमा आउन र संवैधानिक तथा लोकतान्त्रिक उपलब्धिको रक्षाका लागि समझदारी निर्माण गर्न आह्वान गर्दछौं।"

विद्यमान विषम परिस्थितिका बीच अझै पनि मुलुकका विभिन्न भागमा लुटपाट, आगजनी र तोडफोडका घटना भइरहेकामा चिन्ता व्यक्त गर्दै महासचिव पोखरेलले आपराधिक क्रियाकलाप नियन्त्रण गर्न, नागरिकको जीउधनको सुरक्षा सुनिश्चित गर्न र सार्वजनिक एवं निजी सम्पत्तिको संरक्षण गर्न नेपाली सेनालगायत सबै सुरक्षा निकायको ध्यानाकर्षण गर्नुभएको छ।

एमाले महासचिव पोखरेलले यही भदौ २३ गतेको दुःखदायी घटनाको निष्पक्ष छानबिन र दोषीमाथि कानुनबमोजिम कारबाही हुनुपर्ने माग राख्नुभयो। यसैगरी, उहाँले भदौ २४ गते देशव्यापी रुपमा आगजनी, तोडफोड, लुटपाटजस्ता आपराधिक गतिविधिको निन्दा गर्दै त्यस्ता अराजक गतिविधि हुन नदिन तथा देश र जनताका पक्षमा एकताबद्ध भइ डटेर मुकाबिला गर्न पार्टी पङ्क्तिसमक्ष अनुरोध गर्नुभएको छ।

एमाले महासचिव पोखरेलले ध्वस्त भएका सार्वजनिक कार्यालय र स्थलहरुको सरसफाइ गर्न, सामाजिक सद्भाव कायम राख्न र जनतालाई परेका पीरमर्कामा सम्भव भएसम्म सहयोग गर्न सम्बद्ध सबैसँग अपिल गर्नुभयो। रासस

## राष्ट्रपति पौडेलद्वारा राजनीतिक निकासका लागि विचार-विमर्शमा रहेको जानकारी


नेपाल
Nepal

राष्ट्रपति
The President

आदरणीय नेपाली दाजुभाइ तथा दिदीबहिनीहरु,

देशको अहिलेको विषम परिस्थितिमा मुलुकलाई संवैधानिक दायरामा रहेर कसरी निकास दिन सकिन्छ र मुलुकमा लोकतन्त्रको संरक्षण तथा शान्ति सुव्यवस्था कसरी कायम गर्न सकिन्छ भनेर म विचार विमर्श एवं हर प्रयास गर्दैछु। आन्दोलनकारी नागरिकहरुको माग सम्बोधन गर्ने छिटो भन्दा छिटो समस्याको निदानको खोजी भइरहेको कुरामा विश्वस्त हुन र संयमतापूर्वक मुलुकमा शान्ति सुव्यवस्था कायम गर्ने काममा सहयोग गर्न सबै पक्षलाई अपिल गर्दछु ।

२०८२।०५।२६

रामचन्द्र पौडेल

काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलले देशको वर्तमान विषम परिस्थितिमा मुलुकलाई संवैधानिक दायरामा रहेर कसरी निकास दिन सकिन्छ र मुलुकमा लोकतन्त्रको संरक्षण तथा शान्ति सुव्यवस्था कसरी कायम गर्न सकिन्छ भनेर आफूले विचार-विमर्शसहित हरसम्भव प्रयास गरिरहेको जानकारी गराउनुभएको छ।

उहाँले विहिबार विज्ञप्ति जारी गरी आन्दोलनकारी नागरिकहरुको माग सम्बोधन गर्न छिटोभन्दा छिटो समस्याको निदानको खोजी भइरहेको विषयमा विश्वस्त हुन र संयमतापूर्वक मुलुकमा शान्ति सुव्यवस्था कायम गर्ने काममा सहयोग गर्न सबै पक्षलाई अपिल गर्नुभएको छ।रासस

## अहिलेको सङ्क्रमणकालीन अवस्थाको निकास संविधानसम्मत तरिकाबाट खोजिनुपर्छः अध्यक्ष दाहाल

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले संविधान र संसद्को शून्यतामा खोजिने राजनीतिक निकासले प्रतिगमनलाई नै फाइदा पुर्‍याउने भएकाले अहिलेको सङ्क्रमणकालीन अवस्थाको



हल संविधानसम्मत तरिकाबाट खोजिनुपर्ने बताउनुभएको छ।

पूर्वप्रधानमन्त्री समेत रहनुभएका पार्टी अध्यक्ष दाहालले संविधान कार्यान्वयनमा देखिएका चुनौतीको गम्भीर समीक्षासहित समावेशी लोकतन्त्रको रक्षा गर्दै प्रत्यक्ष कार्यकारी रहने राजनीतिक प्रणालीका पक्षमा संविधान संशोधन गर्न सकेमात्रै समुन्नत लोकतन्त्रको विकास गर्न सकिने बताउनुभयो। "यो पक्षलाई अत्यन्तै संवेदनशील र गम्भीर रुपमा लिएर आन्दोलनकारी पक्षले आफ्नो भावी रणनीति विकास गर्ने विश्वास लिएका छौँ", अध्यक्ष दाहालद्वारा आज जारी वक्तव्यमा भनिएको छ।

'जेन-जी' आन्दोलनका 'एजेन्डा'ले यथास्थिति र तदर्थवादी शासन प्रणालीको साटो उन्नत लोकतन्त्रको माग गरेको उल्लेख गर्दै अध्यक्ष दाहालले यो स्थितिमा आन्दोलनभित्र घुसेर प्रतिगामी तत्वहरुले तोडफोड, आगजनी र विध्वंसमार्फत बलिदानीपूर्ण सङ्घर्षबाट प्राप्त उपलब्धिलाई उल्ट्याउने धृष्टता गरिरहेका बताउनुभयो। "हाम्रो स्पष्ट मत छ, लोकतन्त्रको विकल्प समुन्नत र अझ बढी सुदृढ लोकतन्त्र, गणतन्त्रको विकल्प अझ सुदृढ गणतन्त्र मात्रै हो", उहाँले भन्नुभयो।

अध्यक्ष दाहालले सङ्क्रमणकालीन परिस्थितिको फाइदा उठाउँदै धमिलो पानीमा माछा मार्ने प्रतिगामी षडयन्त्रविरुद्ध सचेत रहँदै एकजुट भएर अघि बढ्न शान्ति, संविधान र गणतन्त्र पक्षधर सम्पूर्ण शक्ति तथा आमजनसमुदायसँग अपिल गर्नुभयो।

माओवादी केन्द्रका अध्यक्ष दाहालले जनताको जीउधन, सार्वजनिक संरचना र निजी सम्पत्तिमा तोडफोड, लुटपाट तथा आगजनीलगायत गतिविधि हुनसक्ने सम्भावनाप्रति सजग रहँदै जनतालाई आइपर्ने कुनै पनि खालको समस्यासँग जुध्नका लागि तम्तयार रहन पार्टीपङ्क्तलाई निर्देशित गर्नुभएको छ।

यसैगरी, समुन्नत उहाँले लोकतन्त्रको सपना सोचेर सुशासनका पक्षमा 'जेन-जी' पुस्ताले आह्वान गरेको आन्दोलनमा सहादत प्राप्त गर्ने सम्पूर्ण युवामा श्रद्धाञ्जलि तथा परिवारजनमा संवेदना र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ।

आन्दोलनका कैयन् पीडादायी पक्ष भएपनि समग्रमा राष्ट्रले अग्रगमनतर्फ अघि बढ्ने सम्भावनाको ढोका खोलेको उहाँले बताउनुभयो। अध्यक्ष दाहालले वक्तव्यमार्फत आन्दोलनमा क्रममा भएका हिंसात्मक गतिविधि, तोडफोड, आगजनी, लुटपाटजस्ता घटनाको उच्चस्तरीय न्यायिक छानबिन गर्न समेत माग गर्नुभएको छ।रासस

## संविधानको आधारमा जेनजीको माग सम्बोधन गर्नुपर्नेमा जोड



काठमाण्डु। विभिन्न पार्टीनिकट विद्यार्थी सङ्गठनका १२ जना पूर्वअध्यक्षलगायतका विद्यार्थी नेताहरुले संविधानका आधारमा 'जेनजी' युवाको माग सम्बोधन गर्नुपर्ने धारणा राखेका छन्।

उनीहरुले विहिबार प्रेस विज्ञप्ति जारी गरी संसद्बाटै राजनीतिक निकास खोज्दै संसद्भित्रबाटै नयाँ सरकार गठन गरी निर्वाचनको वातावरण बनाउनुपर्नेमा जोड दिएका हुन्। नेपाल विद्यार्थी सङ्घका पूर्वअध्यक्ष नैनसिंह महर, अनेरास्ववियुका पूर्वअध्यक्ष नविना लामा र अखिल क्रान्तिकारीका पूर्वअध्यक्ष रञ्जित तामाङलगायतले गणतन्त्र र संविधानको रक्षाका लागि दृढतापूर्वक उभिन पनि आह्वान गरेका छन्।

विज्ञप्तिमा भनिएको छ, "देशलाई अग्रगामी दिशामा लैजान, आन्दोलनरत युवा, विद्यार्थीहरु तथा आम जनताका मागको सम्बोधन, जनचाहनाअनुरुप संविधान संशोधनलगायतका कार्यहरू बृहत् राजनीतिक संवाद र सहमतिमार्फत मात्रै हुन सक्ने विषय भएको ठहर गरेका छौँ।"

देशभर व्यापक लुटपाट र आगजनीका घटना भइरहेको परिस्थितिमा जनताको निजी, व्यावसायिक प्रतिष्ठान र सार्वजनिक सम्पत्तिको रक्षा गर्न, अपराधको कैद सजाय भोगिरहेका व्यक्तिहरु जेलबाट भागेको र तिनीहरुले समाजमा थप अपराध गर्ने भएको हुनाले जेलबाट भागेका सम्पूर्ण कैदीहरूलाई खोजी गरी नियन्त्रणमा लिन जोड्दार माग पनि गरिएको छ।रासस

## संवैधानिक रूपमा निकास खोज्न महासंघको आग्रह




काठमाण्डु। नेपाल पत्रकार महासङ्घले सङ्क्रमणकालीन अवस्थाको अन्त्यसहित शान्तिपूर्ण समाधानका लागि पहल गर्न राष्ट्रपतिसमक्ष आग्रह गरेको छ।

महासङ्घका अध्यक्ष निर्मला शर्माले विहिबार एक विज्ञप्ति जारी गर्दै मूलतः वर्तमान संविधानले निर्धारण गरेको प्रक्रिया र संस्थाहरूमार्फत समाधान खोज्दै मुलुकलाई सहज निकास दिनुपर्ने माग गर्नुभएको हो।

मुलुकको निकास गर्ने क्रममा राष्ट्रपतिले वार्ताका लागि जेनजी प्रतिनिधिलाई आह्वान गरिसक्नुभएको अवस्थामा सुरक्षा निकायले सहजीकरण गरी यथाशीघ्र अन्तरिक सरकार बनाउने कार्यको पहल राष्ट्रपतिबाट हुनुपर्नेमा महासङ्घले जोड दिएको छ।

यस प्रक्रियाका लागि सहजीकरण गर्न पत्रकार महासङ्घलगायत छ वटा पेसागत सञ्जाल पापड तयार रहेको जनाइएको छ। "सबै राजनीतिक समस्या समाधानको प्रयास राष्ट्रपति कार्यालयबाट हुनुपर्छ, जङ्गी अड्डाबाट होइन भन्ने महासङ्घको ठहर छ। पछिल्लो समय शान्तिसुरक्षा कायम गर्न सेनाले खेलेको भूमिका सराहनीय छ", महासङ्घद्वारा जारी विज्ञप्तिमा भनिएको छ।


जेनजी पुस्ताले उठाएको संरचनात्मक सुधारका मागलाई समेट्दै लोकतान्त्रिक गणतन्त्रको संरक्षण गर्दै थप उपलब्धि हासिल गर्न जरुरी रहेको उल्लेख गर्दै महासङ्घले संयम र संवेदनशील भएर इतिहासको यो कठिन र निर्णायक मोडमा जिम्मेवार बन्न सबै सरोकार भएका पक्षलाई हार्दिक अपिल गरेको छ।

महासङ्घ लोकतन्त्र, मानव अधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि निरन्तर वकालत गर्दै आएको भन्दै अहिले सरकारले राजीनामा दिएको र अर्को सरकार बनिनसकेकाले मुलुक सङ्क्रमणकालीन अवस्थामा रहेको अवस्थामा शीघ्र मुलुकको निकास खेज्नुपर्ने विज्ञप्तिमा उल्लेख छ।

महासङ्घले भ्रष्टाचार नियन्त्रण र सुशासनको माग राखेर भएको युवा पुस्ताको प्रदर्शनका क्रममा निधन भएकाप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामनासमेत गरेको छ।

जनतालाई सुसूचित गर्न र शान्ति र लोकतन्त्रका लागि सधैँ क्रियाशील रहने पत्रकारहरू र सञ्चारमाध्यमलाई प्रदर्शनकारीले निशाना बनाइएको दुःखद् भएको अध्यक्ष शर्माद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।रासस

## वैधानिक प्रक्रियामार्फत नयाँ सरकार गठन गर्न पूर्वराष्ट्रपति भण्डारीको आग्रह



काठमाण्डु । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको मर्म र भावनालाई आत्मसात् गर्दै संवैधानिक प्रावधानअनुसार अगाडि बढ्नुपर्नेमा जोड दिनुभएको छ।

पूर्वराष्ट्रपतिभण्डारीलेविहिबार प्रेस विज्ञप्ति जारी गरी 'जेनजी'को आन्दोलनपछि प्रधानमन्त्रीले दिनुभएको राजीनामा स्वीकृत भइसकेको र संविधानबमोजिम गठित राष्ट्रपति एवं जननिर्वाचित संस्थाहरू कायमै रहेको अवस्थामा आन्दोलनरत पक्षको माग र चाहनालाई समेत अभिव्यक्त गर्नेगरी संविधानिक व्यवस्थाबमोजिम मुलुकलाई राजनीतिक निकास दिनुपर्नेमा जोड दिनुभएको हो।

उहाँले 'जेनजी' आन्दोलनमा भएको मानवीय क्षति र भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै आन्दोलनका क्रममा के कसरी हिंसात्मक गतिविधि भए भन्ने समीक्षा गर्न पनि आग्रह गर्नुभएको छ।रासस

## हातहतियारसहित अन्य सामग्री फिर्ता गर्न प्रहरीको आग्रह

काठमाण्डु । जेनजी गरेको प्रदर्शनका क्रममा प्रहरीसहित अन्य सुरक्षा निकायका हातहतियारलगायत सामग्री फिर्ता गर्न नेपाल प्रहरीले आग्रह गरेको छ।

प्रहरी प्रधान कार्यालयले विहिबार एक विज्ञप्ति जारी गर्दै यही भदौ २३ देखि २५ गते भएको प्रदर्शनमा सुरक्षा निकायका हतियार, सञ्चार साधन, सवारीसाधन र अन्य भौतिक साधनहरू नियन्त्रणमा लिएको वा कतै फेला पारेमा फिर्ता गर्न आग्रह गरेको हो।

उक्त हातहतियारलगायत अन्य सामग्रीहरू स्थानीय प्रहरी वा सुरक्षा निकायको कार्यालय वा जिल्ला प्रहरी कार्यालय वा प्रहरी कन्ट्रोल रुक १०० वा टोल फ्री नं १६६००१४१५१६ वा नेपाल प्रहरी प्रधान कार्यालयको सम्पर्क नं ९८५१२९३४५९ मा सम्पर्क गरी फिर्ता बुझाउन अनुरोध गरिएको छ।रासस

## समाजिक सद्भाव बलियो बनाउँदै नयाँ बाटो पहिल्याउनुपर्छः मुख्यमन्त्री



गण्डकी । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सामाजिक एकता र सद्भाव बलियो बनाउँदै नयाँ बाटो पहिल्याउनुपर्नेमा जोड दिनुभएको छ। उहाँले विहिबार वक्तव्य जारी गर्दै नेपाली समाजको विशिष्ट चरित्र समाजिक एकता र सद्भाव भएको भन्दै यसलाई अझै बलियो बनाउँदै हामीले नयाँ बाटो पहल्याउनुपर्ने समय आएको बताउनुभयो।

विद्यमान विषम परिस्थितिमा संयम, संवाद र एकताको बाटोबाट मात्रै मुलुकलाई निकास दिन सकिने मुख्यमन्त्री पाण्डेको भनाइ छ। यही भदौ २३ र २४ गते 'जेनजी' युवाद्वारा गरिएको प्रदर्शनका क्रममा भएको मानवीय क्षति र त्यसपछिका सार्वजनिक तथा निजी सम्पत्तिमा पुगेको अकल्पनीय विनाशबारे दुःख व्यक्त गर्दै वक्तव्यमा जीवन गुमाउनेप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो। उहाँले शोकसन्तप्त परिवारमा समवेदना प्रकट गर्नुका साथै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभयो।

यही भदौ २३ को अत्यधिक बल प्रयोगले ठूलो मानवीय क्षति पुर्‍याएको र त्यसपछिका योजनाबद्ध आगजनी तथा तोडफोडका घटनाले मुलुकलाई स्तब्ध बनाएको मुख्यमन्त्री पाण्डेले उल्लेख गर्नुभयो। गण्डकी प्रदेश सरकार शान्ति, स्थायित्व र समृद्धिको यात्रामा दृढतापूर्वक अघि बढ्ने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो। वर्तमान परिस्थितिबाट देशलाई निकाल्ने बाटो संवाद र एकता मात्रै रहेको भन्दै मुख्यमन्त्रीले यस पहललाई सफल बनाउन राजनीतिक दल, नागरिक समाज, सञ्चारजगत् सबैको सहकार्य अपरिहार्य रहेकामा जोड दिनुभयो।

युवापुस्ताको आकाङ्क्षा र भावनालाई आत्मसात् गर्दै संवैधानिक रिक्तता सिर्जना हुन नदिई वैधानिक र लोकतान्त्रिक बाटोबाट दीर्घकालीन समाधान खोज्नुपर्ने उहाँले आवश्यकता औंल्याउनुभयो। यही भदौ २३ मा गरिएको अत्यधिक बल प्रयोग र त्यसपछिका घटनाको निष्पक्ष छानबिनका लागि उच्चस्तरीय आयोग गठन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।रासस

## 'सम्वादबाट नै वर्तमान समस्याको समाधान खोज्नुपर्छ'

काठमाण्डु । प्रजातान्त्रिक विचार समाजले मुलुकको वर्तमान परिस्थितिको समाधान शान्तिपूर्ण वार्ता र लोकतान्त्रिक



विधिबाट नै खोज्न अपिल गरेको छ। समाजले विहिबार एक विज्ञप्ति जारी गर्दै नागरिक समाजका सम्पूर्ण सङ्घ, संस्थालाई यस विषयमा एकताबद्ध र सक्रिय हुनसमेत अनुरोध गरेको छ।

देशलाई पुनःअगाडि बढाउन राजनीतिक दल, नागरिक समाज र राज्यका वैधानिक संयन्त्र सक्रिय हुने र यिनको भूमिका प्रभावकारी रहने विश्वास राख्दै समाजले संवैधानिक र लोकतान्त्रिक माध्यमबाट नै राजनीतिक समाधान खोज्न आग्रह गर्दछ।

यही भदौ २३ र २४ गते दुई दिनमा नेपाली समाजले मानवनिर्मित नितान्त अनपेक्षित मानवीय र भौतिक क्षति बेहोर्नुपरेको र अवस्था अत्यन्त अनिश्चित भएको समाजको ठहर छ।

शान्तिपूर्ण आन्दोलन नागरिकको संवैधानिक र मौलिक अधिकार भएपनि हिंसा सभ्य दुनियाँको निम्ति अस्वीकार्य हुने समाजका अध्यक्ष कुलचन्द्र वाग्लेद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

शान्तिपूर्ण विरोध प्रदर्शन गर्ने घोषणसहित सडकमा आएको जेनजी समूहकातर्फबाट नै आफ्नो आन्दोलनमा अवाञ्छित तत्वको घुसपैठ र षड्यन्त्र भएको समाजले जनाएको छ।

सोमबार र मङ्गलबार भएको प्रदर्शनका क्रममा निधन भएकाप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै समाजले शोक सन्तप्त परिवारजनमा समवेदना र घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ। रासस

# पाकिस्तानमा बाढी सङ्कटबीच 'जलवायु तथा कृषि आपत्काल' घोषणा

एएनआई

इस्लामाबाद । पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले मनसुनी वर्षा र देशभर फैलिएको विनाशकारी बाढीका असरमा जलवायु तथा कृषि आपत्काल घोषणा गर्ने निर्णय गर्नुभएको छ ।

बुधबार सङ्घीय मन्त्रिपरिषद् बैठकको अध्यक्षता गर्दै सरिफले जलवायु परिवर्तनबाट थप क्षति रोक्नका लागि चारै प्रान्तका मुख्यमन्त्री र प्रमुख अधिकारीहरूसँग चाँडै बैठक बोलाउने बताउनुभयो ।

बैठकमा बाढीका कारण लाखौँ एकड कृषिभूमि र बाली पूर्णरूपमा नष्ट भएको र पूर्वाधारमा ठूलो क्षति पुगेको विवरण प्रस्तुत गरिएको थियो । मन्त्रीहरूले किसान क्षतिपूर्ति, कृषि पुनःस्थापना र पूर्वाधार पुनर्निर्माणका लागि

उहाँहरूले विगतको वातावरणीय कुव्यवस्थापन, अनियन्त्रित वन विनाश र प्राकृतिक जलमार्गमा अतिक्रमणलाई हालको बाढी विपत्तिको प्रमुख कारणका रूपमा औँल्याउनुभयो । जियो न्युजका अनुसार, जलवायु परिवर्तन मन्त्रीलाई १५ दिनभित्र विस्तृत प्रतिवेदन तयार गर्ने जिम्मेवारी दिइएको छ, जसले दीर्घकालीन समाधान र नीतिगत रणनीतिका लागि मार्गदर्शन गर्नेछ ।

कृषि आपत्काल अन्तर्गत बालीमा भएको क्षतिको मापन गरिने र किसानलाई उचित क्षतिपूर्ति दिने संयन्त्र तय गरिने पनि सरिफले स्पष्ट पार्नुभयो । उहाँले बाढीको पानी अझै दक्षिणतर्फ बगिरहेको हुँदा सङ्कट अन्त्य नभएको र क्षतिपूर्ति सङ्घीय तथा प्रान्तीय



आवश्यक सहयोगबारे सुझाव राख्नुभएको थियो ।

मन्त्रिपरिषद् बैठकपछि संसदीय मामिलामन्त्री तारिक फजल चौधरी र पेट्रोलियम मन्त्री अली परवेज मलिकले पत्रकार सम्मेलनमार्फत निर्णय सार्वजनिक गर्नुभयो । चौधरीले बदलिँदो मौसमी ढाँचा र विनाशकारी मनसुनलाई जलवायु परिवर्तनको गम्भीर प्रभावका प्रमाणका रूपमा उल्लेख गर्दै आपत्काललाई तत्काल कार्यान्वयन गर्न मन्त्रिपरिषद्ले सर्वसम्मत समर्थन गरेको जानकारी दिनुभयो ।

सरकारले साझा रूपमा बेहोर्ने बताउनुभयो ।गहुँ र कपासजस्ता प्रमुख बालीमा ठूलो क्षति पुगेको, करिब एक हजार मानिसको मृत्यु भएको, हजारौँ विस्थापित भएको र कृषि जग्गाको विशाल क्षेत्र डुबानमा परेको उहाँले स्मरण गराउनुभयो ।

सरिफले पाकिस्तानको शासन व्यवस्थामा ऐतिहासिक रूपमा देखिँदै आएको आत्मसन्तुष्टि र यथास्थिति प्रवृत्तिको विरुद्ध चेतावनी दिँदै, जलवायु परिवर्तनको प्रभावसँग जुझ्न बलियो राष्ट्रिय रणनीति विकास गर्न आग्रह गर्नुभयो ।

# अमेरिकी भिसा सुधार बिना कोरियाली लगानीमा हिचकिचाहट : राष्ट्रपति ली



एपी

सियोल । दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङले संयुक्त राज्य अमेरिकाले कोरियाली कामदारहरूका लागि भिसा प्रणाली सुधार गर्न नसके कोरियाली कम्पनीहरूले त्यहाँ लगानी गर्न वा हालको लगानीलाई निरन्तरता दिन हिचकिचाउने चेतावनी दिनुभएको छ ।

आफ्नो कार्यकालको एक सय दिन पुरा भएको अवसरमा आयोजित पत्रकार सम्मेलनमा उहाँले सेप्टेम्बर ४ मा जर्जियामा भएको आप्रवासन छापामारीबारे पनि प्रष्ट्याउनुभयो । सो घटनामा ह्युन्डाईको निर्माणाधीन ब्याट्री कारखानामा काम गर्ने तीन सयभन्दा बढी कोरियाली कामदार पक्राउ परेका थिए । लीका अनुसार वार्तापछि ती कामदार हरूलाई चार्टर विमानमार्फत शुक्रबार स्वदेश फर्काइने तयारी गरिएको छ ।

छापामारीपछिदक्षिणकोरियामा व्यापक आक्रोश चर्किएको छ । अमेरिकी अधिकारीहरूले केही कामदारलाई जञ्जिरले बाँधिएको भिडियो सार्वजनिक गरेपछि विश्वासघातको भावना बढेको थियो । यो कदम राष्ट्रपति डोनाल्ड ट्रम्प र लीबीचको शिखर बैठकको दुई साताभन्दा कम समयमा आएको हो । त्यही बेला सियोलले अमेरिकी उच्च करबाट छुट पाएको थियो र तीन खर्ब ५० अर्ब डलर बराबरको नयाँ लगानी गर्ने वाचा गरेको थियो ।

सत्तारूढ र विपक्षी दुवै सांसदहरूले छापामारीलाई अपमानजनक भनेका छन् । प्रमुख पत्रिकाले यसलाई 'खरायोको शिकार' भन्दै आलोचना गरेको छ ।

लीले भन्नुभयो, "यो दीर्घकालीन कामदारहरूको विषय होइन । कारखाना निर्माण वा उपकरण जडानका लागि छोटो अवधिका टेक्निसियनहरू आवश्यक हुन्छन् । तर अमेरिकाले आफ्नै जनशक्ति नभएको अवस्थामा पनि हामीलाई आवश्यक भिसा दिन अस्वीकार गर्छ । यस्तो भएमा हाम्रो कम्पनीहरूलाई त्यहाँ लगानी गर्न गाह्रो हुन्छ ।"

उहाँका अनुसार, छापामारीले दुई देशबीच आप्रवासनसम्बन्धी 'सांस्कृतिक भिन्नता' देखाएको छ । उहाँले उदाहरण दिँदै भन्नुभयो, "दक्षिण कोरियामा अमेरिकीहरू पर्यटक भिसामा आएर निजी क्र्याम स्कुलहरूमा अङ्ग्रेजी पढाउँछन्, हामी यसलाई समस्या मान्दैनौँ । तर अमेरिकाले त्यस्तो सहन सक्दैन ।"

वासिङ्टनमा अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँगको भेटपछि दक्षिण कोरियाली विदेशमन्त्री चो ह्युनले हिरासतमा परेकाहरूलाई आफ्ना काम पूरा गर्न अनुमति दिने सहमति भएको बताउनुभयो । साथै नयाँ भिसा कोटाबारे छलफल गर्न संयुक्त कार्य समूह गठन गर्ने निर्णय भएको छ ।तर चोले चेतावनी दिनुभयो, "यदि भिसा समस्याको समाधान भएन भने अझ धेरै कोरियाली कामदार भविष्यमा पनि यस्तै धरपकडको जोखिममा पर्न सक्छन् ।"

जर्जियाको ब्याट्री प्लान्ट त्यस्ता २० भन्दा बढी औद्योगिक परियोजनामध्ये एक हो जुन कोरियाली कम्पनीहरूले अमेरिकामा निर्माण गरिरहेका छन् । यसमा टेक्सासको सेमिकन्डक्टर कारखाना र फिलाडेल्फियाको जहाज निर्माण परियोजना पनि पर्छन्, जसलाई राष्ट्रपति ट्रम्पले बारम्बार कोरिया-अमेरिका साझेदारीका उदाहरणका रूपमा प्रस्तुत गर्नुभएको छ ।

दक्षिण कोरियाली विज्ञ मिन जियोंघुनका अनुसार, समाधानको जिम्मा मुख्यतया अमेरिकाकै हातमा छ । कानूनी व्यवस्था वा छोटो अवधिका कार्य भिसा विस्तारमार्फत मात्र समस्याको निकास सम्भव हुन्छ । उहाँले भन्नुभयो, "यदि भिसा नीतिमा अद्यावधिक भएन भने कोरियाली कम्पनीहरूले आफ्ना कामदार पठाउन सक्दैनन्, जसले अमेरिकी उद्योग विस्तारमा ढिलाइ ल्याउनेछ र त्यसको प्रत्यक्ष हानि अमेरिकी अर्थतन्त्रलाई हुनेछ ।"

## चीन-अमेरिका वार्ता :

# सी-ट्रम्प भेटतर्फको सानो तर महत्त्वपूर्ण सङ्केत



एएफपी

बेइजिङ ।संयुक्त राज्य अमेरिका र चीनका शीर्ष कूटनीतिज्ञ तथा रक्षा प्रमुखबीचको वार्ताले दुई देशका नेताहरूबीच सम्भावित भेटवार्तातर्फ 'सानो तर महत्त्वपूर्ण कदम' को सङ्केत दिएको विश्लेषकहरूको भनाइ छ । तर उनीहरूले आसन्न शिखर सम्मेलनबारे अत्यधिक अपेक्षा नगर्न चेतावनी पनि दिएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच अन्तिम भेट सन् २०१९ मा भएको थियो । यसपटकको सम्भावित भेटतर्फ सबैको ध्यान ताइवान, दक्षिण चीन सागर र अमेरिकी कर जस्ता संवेदनशील विषयमा केन्द्रित हुनेछ ।

यस वर्ष दुई ठूला अर्थतन्त्रबीचको तनाव चर्किएको भए पनि अप्रिलपछि दुवैले एकअर्काको निर्यातमा बढ्दो कर लगाएका कारण केही चिसिएको देखिएको छ । ट्रम्प र सीले अन्तिम पटक जुनमा टेलिफोनमा कुरा गर्नुभएको थियो । अगस्टमा ट्रम्पले यस वर्ष वा केही समयपछि चीन भ्रमण गर्ने सङ्केत दिनुभएको थियो । तर सीले यसबारे सार्वजनिक टिप्पणी गर्नुभएको छैन ।

यसैबीच, बुधबार दुई देशका विदेश र रक्षा प्रमुखबीच भएको वार्ताले नेताहरूबीच प्रत्यक्ष भेटवार्ताको आशा थपेको छ । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले चिनियाँ समकक्षी वाङ यीसँगको टेलिफोन वार्तामा चीनसँग 'रचनात्मक र खुला संवाद' चाहेको बताउनुभएको थियो ।

चिनियाँ विदेश मन्त्रालयले पनि वार्ता फलदायी भएको बताउँदै, तर अमेरिकी पक्षका पछिल्ला नकारात्मक कार्य र भनाइहरूले चीनका वैध अधिकार र चासो कमजोर पारेको चेतावनी दिएको छ ।

सिङ्गापुरका नान्याङ टेक्नोलोजिकल युनिभर्सिटीका एसोसिएट प्रोफेसर डिलन लोहले भन्नुभयो, "यो वार्ता अघिल्ला संवाद र व्यापार सम्झौताहरूको निरन्तरता हो । सकारात्मक सङ्केत देखिन्छ, तर अझै धेरै कदम चाल्न बाँकी छ ।"

**अनिश्चितता अझै कायम**

यही दिन चिनियाँ रक्षामन्त्रीले पेन्टागन प्रमुख पिट हेग्सेथलाई भिडियो कलमार्फत चेतावनी दिँदै भन्नुभयो, "चीनलाई रोक्न वा हस्तक्षेप गर्न खोज्नु व्यर्थ हुनेछ ।"

सिङ्गापुर नेसनल युनिभर्सिटीका राजनीति विज्ञ चोङ जा इयानले यी संवादले 'ट्रम्प-सी भेटको मार्ग प्रशस्त गर्न सक्छन्' भने पनि कुनै ठोस नतिजा अझै प्रष्ट नभएको बताउनुभयो । "राष्ट्रपतिहरू चाँडै निर्णय बदल्ने स्वभावका हुन्छन्, त्यसैले भेट नजिकै छ भनेर भविष्यवाणी गर्नु अपरिपक्व हुन सक्छ", उहाँले भन्नुभयो ।

यी वार्ताहरू केही दिनअघि मात्रै सीले भ्लादिमिर पुटिन र किम जोङ उनसँगै दोस्रो विश्वयुद्धको अन्त्यलाई चिह्नित गर्ने परेडको अध्यक्षता गरेपछि भएका हुन् । ट्रम्पले भने ती नेताहरूलाई अमेरिकाविरुद्ध षड्यन्त्र रचेको आरोप लगाउनुभएको छ ।

जापानको सोका विश्वविद्यालयका प्राध्यापक लिम ताई वेईका अनुसार, चीनको प्रणालीले कुनै पनि शिखर सम्मेलनमा अनपेक्षित मोड आउन दिँदैन । सी ट्रम्पसँग भेट्न तयार हुनुभयो भने त्यसअघि सहमत विषयहरूको लिखित सूची चाहिन्छ ।

"अक्टोबरको अन्त्य वा नोभेम्बरको सुरुआतमा दक्षिण कोरियाको ग्योङ्जुमा हुने एपेक शिखर सम्मेलनमा दुई नेताबीच भेट हुने अपेक्षा कायम छ", विश्लेषक लोहले भन्नुभयो, "तर विश्व राजनीति र आन्तरिक परिस्थितिहरू द्रुत गतिमा बदलिने भएकाले अन्तिम घडीमा केही भन्न सकिँदैन ।"

# उत्तर कोरियाकी किम जु ए 'मान्यता प्राप्त उत्तराधिकारी' : सियोल



एएफपी

सियोल । दक्षिण कोरियाको जासुसी एजेन्सीले बिहीबार उत्तर कोरियाली नेता किम जोङ उनकी छोरी किम जु एलाई उहाँको औपचारिक उत्तराधिकारीका रूपमा मान्यता दिएको जनाएको छ । जु ए हालै बेइजिङको उच्चस्तरीय भ्रमणमा आफ्नो बुबासँग सहभागी भएकी थिइन् ।

यो भ्रमणमा उनले चीनका राष्ट्रपति सी जिनपिङ र रुसका राष्ट्रपति भ्लादिमिर पुटिनलाई भेटिन् । यसरी पहिलो आधिकारिक विदेश भ्रमण गर्दा किशोरी जु एले यस महिनाको सुरुमा अन्तर्राष्ट्रिय ध्यान तानेकी थिइन् ।

विश्लेषकहरूले लामो समयदेखि उनलाई सम्भावित उत्तराधिकारीका रूपमा हेरिरहेका छन् । तर केहीले उनको जेठो दाजुलाई पनि गोप्य रूपमा सत्ताका लागि तयार पारिएको हुन सक्ने सङ्केत दिएका थिए ।"जु एले सम्भावित उत्तराधिकारीका रूपमा आफ्नो स्थिति बलियो बनाउन पर्याप्त 'क्रान्तिकारी कथा' सुरक्षित गरेकी छन्", दक्षिण कोरियाली सांसद ली सेओङ-क्वेन भन्नुभयो, "चीन भ्रमणमा उनको सहभागिता पनि त्यही उत्तराधिकार कथाको अंश हो ।"

जु ए सन् २०२२ मा पहिलो पटक सार्वजनिक रूपमा देखिएकी थिइन् । त्यतिबेला उनले बुबासँग अन्तरमहाद्वीपीय ब्यालेस्टिक मिसाइल प्रक्षेपण अवलोकन गरेकी थिइन् ।

त्यसपछि उत्तर कोरियाली राज्य मिडियाले उनलाई 'प्रिय बच्चा' र 'मार्गदर्शन गर्ने महान व्यक्ति' भनेर उल्लेख गर्न थाल्यो । यी शब्दहरू सामान्यतया शीर्ष नेताहरू र तिनका उत्तराधिकारीका लागि मात्र प्रयोग गरिन्छ ।

यसअघि उनको अस्तित्वको पुष्टि मात्र सन् २०१३ मा उत्तर कोरिया भ्रमण गरेका पूर्व एनबिए स्टार डेनिस रोडम्यानले गरेका थिए ।

उनले किम जोङ उनसँग भेट्दा जु एलाई भेटेको दाबी गरेका थिए ।सियोलले सुरुआतमा किम र उहाँकी पत्नी रीले सन् २०१० मा पहिलो सन्तानका रूपमा पत्रुलाई जन्म दिनुभएको र जु ए दोस्रो सन्तान भएको सङ्केत गरेको थियो ।

तर सन् २०२३ मा दक्षिण कोरियाली एकीकरण मन्त्रीले किमको छोरा भएको विषयमा 'निश्चित पुष्टि गर्न नसकिएको' बताएका थिए ।

किम जोङ उन सन् २०११ मा आफ्नो बुबाको निधनपछि सत्तामा आउनुभयो र उहाँले चार पटकको आणविक परीक्षण गराउनुभएको छ, जसको पछिल्लो परीक्षण सन् २०१७ मा भएको थियो ।सांसद लीका अनुसार, जु ए बाहेक किमको अर्को सन्तानबारे भएका अफवाहहरू - चाहे अपाङ्गता भएको वा विदेशमा अध्ययनरत रहेको - 'विश्वसनीय छैनन् ।'लीले भन्नुयभो, "विशेषगरी विदेश अध्ययनबारे कुरा हो भने, यस्तो कुरा लुकाउन खोजे पनि अनिवार्य रूपमा थाहा हुन्छ । त्यसैले यो सम्भावना निकै कम छ ।"

# इजरायलले यमनबाट प्रहार गरिएको क्षेप्यास्त्र रोकेपछि बढ्यो तनाव



एएफपी

साना । इजरायली सेनाले बिहीबार यमनबाट प्रक्षेपण गरिएको क्षेप्यास्त्र रोकेको जनाएको छ । यो कदम इजरायलले त्यहाँ हवाई आक्रमण गरी कम्तीमा ३५ जनाको ज्यान लिएर एक सय ३० भन्दा बढीलाई घाइते बनाएको एक दिनपछि आएको हो ।

क्षेप्यास्त्र आक्रमणको जिम्मेवारी तत्काल कसैले नलिए पनि इरान समर्थित हुथी विद्रोहीहरूले अघिदेखि नै इजरायलमाथि मिसाइल र ड्रोन प्रहार गर्दै आएका छन् । उनीहरूले सन् २०२३ अक्टोबरमा हमासको आक्रमणपछि सुरु भएको गाजा युद्धसँगै बारम्बार आक्रमण गरेका हुन् ।

"केही समयअघि यमनबाट प्रहार गरिएको क्षेप्यास्त्र रोकेपछि इजरायलका धेरै क्षेत्रमा साइरन बज्यो", इजरायली सेनाले टेलिग्राममा भनेको छ ।हुथी नियन्त्रणको राजधानी सानामा रहेको सशस्त्र बलको मिडिया अपरेसनले इजरायलले जोफ प्रान्तको विद्रोही कम्प्लेक्समा आक्रमण गरेको दाबी गरेको छ । त्यस क्रममा ३५ जनाको मृत्यु र एक सय ३१ जना घाइते भएको हुथी स्वास्थ्य मन्त्रालयका प्रवक्ता अनीस अलसबाहीले बताउनुभएको छ ।

मृतकमध्ये २८ जना सानामा र सात जना जोफ प्रान्तमा रहेका थिए । सानामा मात्रै एक सय १३ जना र जोफमा १८ जना घाइते भएका छन् ।गत महिना साना क्षेत्रमा भएको सरकारी बैठकमा हुथी प्रधानमन्त्री अहमद घालेब नासेर अल-रहावीसहित नौ मन्त्री र दुई उच्च अधिकारी मारिएका थिए । यो गाजा युद्धपछि इजरायलसँगको वैमनस्यका क्रममा हुथी अधिकारीहरूको सबैभन्दा उच्च-प्रोफाइल हत्या मानिएको छ ।

हुथी सेनाका प्रवक्ता याह्या सारीले मारिनेहरूमध्ये सेप्टेम्बर २६ र अल-यमन अखबारका पत्रकारहरू रहेको बताउनुभयो । इजरायलले पनि सशस्त्र बलको मिडिया अपरेसनसहित विभिन्न सैन्य लक्ष्यमा आक्रमण गरेको पुष्टि गरेको छ ।

इजरायली सैन्य विज्ञप्ति अनुसार, लक्ष्यमा 'हुथी सैन्य शिविर, जनसम्पर्क मुख्यालय र आतङ्कवादी शासनद्वारा प्रयोग हुने इन्धन भण्डारण सुविधा' थिए । हुथीहरूको अल-मासिराह टेलिभिजनले अल-हजम सहरस्थित सेन्ट्रल बैंक शाखामा समेत आक्रमण भएको र कर्मचारी घाइते भएको जनाएको छ । उनीहरूले हवाई रक्षासँग प्रतिरोध गरेको दाबी पनि गरेका छन् ।

यसअघि आइतबार यमनबाट प्रक्षेपण गरिएको ड्रोनले दक्षिणी इजरायलको रामोन विमानस्थलमा आक्रमण गरी एकजना घाइते बनाएको थियो ।

## 'लोकतन्त्रका लागि खतरा' :

# ट्रम्पका सहयोगी चार्ली किर्कको हत्या प्रकरणमा विश्व प्रतिक्रिया

एएफपी

वासिङ्टन । अमेरिकी दक्षिणपन्थी कार्यकर्ता तथा राष्ट्रपति डोनाल्ड ट्रम्पका निकट सहयोगी चार्ली किर्कको स्पष्ट राजनीतिक हत्यापछि विश्व नेताहरूले राजनीतिक रूपमा प्रेरित हिंसाको खतराबारे चेतावनी दिएका छन् ।

केवल ३१ वर्षको उमेरमा रूढीवादी राजनीतिमा उदाउँदो शक्तिशाली स्वर बनेका किर्कलाई युटाको युटाह भ्याली विश्वविद्यालयमा एक कार्यक्रममा बोल्दै गर्दा गोली प्रहार गरिएको थियो ।उहाँको हत्यापछि विश्व नेताहरूले यसरी प्रतिक्रिया

स्तब्ध छु । राजनीतिक हिंसाको कुनै औचित्य छैन । यसको हरेक कार्यले लोकतन्त्रलाई गम्भीर खतरा पुर्‍याउँछ ।"

**बहस गर्न स्वतन्त्र हुनुपर्छ : बेलायत**

बेलायती प्रधानमन्त्री किर स्टार्मरले एक्समा भन्नुभयो, "हामी सबै डरबिना स्वतन्त्र रूपमा बहस गर्न सक्षम हुनुपर्छ । राजनीतिक हिंसाको कुनै औचित्य हुन सक्दैन ।"

**लोकतन्त्रका लागि गहिरो घाउ : इटाली**

इटालीकी प्रधानमन्त्री जोर्जिया मेलोनीले एक्समा लेख्नुभयो, "यो नृशंस हत्या लोकतन्त्र र स्वतन्त्रतामा विश्वास



जनाएका छन् :

**अमेरिकाका लागि कालो क्षण : ट्रम्प**

"यो अमेरिकाका लागि कालो क्षण हो", राष्ट्रपति डोनाल्ड ट्रम्पले हत्या भएको केही घण्टापछि ट्रुथ सोसलमार्फत जारी भिडियो सन्देशमा भन्नुभयो । उहाँले किर्कलाई 'सत्यका लागि शहीद' को उपाधि दिँदै भन्नुभयो, "मेरो प्रशासनले यस अत्याचारमा संलग्न हुने हरेकलाई पत्ता लगाउनेछ, जसमा यसलाई कोष वा समर्थन गर्ने संस्थाहरू पनि पर्नेछन् ।"

**कुनै औचित्य छैन : क्यानाडा**

क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले एक्समा लेख्नुभएको छ, "चार्ली किर्कको हत्याबाट म

गर्नेहरूका लागि गहिरो घाउ हो । उहाँका परिवार, प्रियजन र अमेरिकी रूढीवादी समुदायप्रति मेरो गहिरो समवेदना छ ।"

**सत्य बोलेका कारण हत्या भयो : इजरायल**

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले भन्नुभयो, "चार्ली किर्कको हत्या सत्य बोलेको र स्वतन्त्रताको रक्षा गरेको कारणले भएको हो । उहाँ इजरायलका सच्चा मित्र हुनुहुन्थ्यो, जसले झूटविरुद्ध लड्नुभयो र यहुदी-ईसाई सभ्यताका लागि उभिनुभयो ।"नेतान्याहुले थप्नुभयो, "मैले दुई हप्ताअघि मात्रै उहाँसँग कुरा गरेको थिएँ र उहाँलाई इजरायल भ्रमणको निम्तो दिएको थिएँ ।

# इजरायली हवाई आक्रमणमा ३५ यमनी नागरिकको मृत्यु: हुथी

सिन्ह्वा


साना, यमन । उत्तरी यमनको हुथी नियन्त्रणमा रहेको क्षेत्रमा इजरायलले गरेको हवाई आक्रमणमा परी कम्तीमा ३५ जनाको मृत्यु भएको हुथी नियन्त्रित स्वास्थ्य मन्त्रालयले जनाएको छ। बुधबार भएको आक्रमणमा परी १३१ जना घाइते भएको मन्त्रालयले बिहीबार पुष्टि गरेको छ ।

मन्त्रालयका अनुसार आक्रमणमा अधिकांश मृत्यु राजधानी सानामा भएको छ । त्यहाँ २८ जनाको मृत्यु भएको र ११३ जना घाइते भएका छन् । उत्तरी प्रान्त अल-जावफमा सात जनाको मृत्यु हुनुको साथै १८ जना घाइते भएका छन् । उद्धार टोलीले भग्नावशेषमा खोजी गरिरहेकाले मृतकको स‌ंख्या बढ्न सक्ने बताइएको छ ।

प्रत्यक्षदर्शीका अनुसार सानामा भएको आक्रमणले रक्षा मन्त्रालय, हुथी सेनाका प्रवक्ता याह्या सारियाको कार्यालय, एक सैन्य शिविर र इन्धन भण्डारण स्थललाई लक्षित गरेको थियो। अल-जावफमा हुथीद्वारा सञ्चालित अल-मसिरा टिभीले समाचारमा उल्लेख गरेअनुसार लक्ष्यहरूमा एक सरकारी भवन, एक बैङ्क र प्रान्तीय राजधानी अल-हज्ममा एक कार्यालय परेका थिए । आक्रमणस्थलबाट नजिकैका घरहरू र नागरिक सुविधाहरूमा पनि क्षति पुगेको बताइएको छ । सारियाले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ, "सेप्टेम्बर २६ र अल-यमन पत्रिकासहित सञ्चार कार्यालयलाई क्षेप्यास्त्रको निशानाबनाइएको थिएन । उहाँले प्रतिशोधात्मक आक्रमण गर्ने बताउनुभयो । प्रत्यक्षदर्शीका अनुसार प्रवक्ताको मुख्यालयको छेउमा रहेको मध्य सानामा रहेको राष्ट्रिय सङ्ग्रहालयमा आक्रमणबाट नराम्ररी क्षति पुगेको छ ।

# उत्तरी गोरखामा स्याउ टिप्न सुरु

गोरखा । हिमाली भेगका बगैंचामा धमाधम स्याउ टिप्ने 'सिजन' सुरु भएको छ । चुमनुब्री गाउँपालिका-४ नाम्रुङको दुई हजार ६५० मिटर उचाइमा रहेको इन गोरखा प्रोडक्ट प्रालिको स्याउ फार्ममा गाला जातको स्याउ टिपिसकिएको फार्मका सञ्चालक लाक्पा डुण्डुप लामाले जानकारी दिनुभयो।



उहाँको बगैंचामा गाला, गोल्डेन र फुजी तीन जातका स्याउ छन् । "गाला स्याउ टिपिसकियो, अब गोल्डेन टिप्ने तयारी भइरहेको छ", लामाले भन्नुभयो, "अबको एक महिनामा फुजी पनि टिप्ने बेला हुन्छ ।" यसपटक गाला स्याउ १० हजार किलो उत्पादन भएको उहाँको भनाइ छ । "दुई ट्रक स्याउ काठमाडौं ल्याइसकेको छ, काठमाडौं ल्याउन सकेजति सबै भाटभटेनी सुपरमार्केटले किन्ने समझदारी भएको छ", उहाँले भन्नुभयो ।

चार वर्षअघि लगाइएको उहाँको बगैंचामा १२ हजार ५०० बोटमा स्याउ फलेका छन् । उहाँले आफ्नो उत्पादनलाई 'चुमनुब्री स्याउ' नामले ब्राण्डिङ गर्नुभएको छ । करिब दुई हजार ७०० मिटर उचाइमा रहेको विशाल मनास्लु फर्म तथा लर्निङ सेन्टरका सञ्चालक छिरिङ लामा यतिबेला टिप्ने बेला भएको लटरम्म स्याउको बगैंचा देखेर दङ्ग हुनुहुन्छ। चुमनुब्री-२ ल्होमा रहेको सो स्याउ बगैंचा पाँच हजार बोट लटरम्म स्याउले भरिभराउ छ।

त्यसमध्ये गाला जातको स्याउ टिप्ने बेला भइसकेको फार्मका सञ्चालक छिरिङलामाले बताउनुभयो।उहाँको बगैंचामा गाला, फुजी, गोल्डन डेलिसियसलगायत जातका स्याउ छन् । असोज पहिलो हप्ताभित्रै सबै प्रजातिका स्याउ टिप्न सुरु हुने उहाँले जानकारी दिनुभयो ।

उहाँको सो बगैंचामा विगत तीन वर्षदेखि स्याउ उत्पादन हुन सुरु भएको हो । उहाँले आफ्नो बगैंचाको स्याउलाई 'मनास्लु स्याउ' नाम दिएर ब्रान्डिङ गर्नुभएको छ । लामाले गत वर्ष आठ हजार किलोग्राम स्याउ उत्पादन गर्नुभएको थियो ।

पहिलो वर्ष भने उहाँको बगैंचामा ७०० किलोग्राम मात्र उत्पादन भएको थियो । उत्पादन बर्सेनि बढ्दै गएको लामाले बताउनुभयो । "यस वर्ष १० हजार किलोग्राम उत्पादन हुने अनुमान छ", लामाले भन्नुभयो, "दुई हजार ८०० मिटर उचाइमा फलेको स्याउ भएकाले यो स्याउ हेर्दा सानो भएपनि निकै रातो, स्वादिलो र हेर्दा पनि निकै आकर्षक हुन्छ ।" ल्होका अन्य स्थानीयले पनि घरायसी प्रयोगका लागि थोरैथोरै स्याउ उत्पादन गर्ने गरेको उहाँको भनाइ छ।

गण्डकी प्रदेश सरकारअन्तर्गत कृषि ज्ञान केन्द्रसँग साझेदारी गरी यहाँ स्याउ बगैंचा विकास गरिएको हो । चार वर्षअघि कृषि निर्देशनालयले इटलीबाट ल्याएको गाला, फुजी, रेड र गोल्डन डेलिसियस जातको स्याउको उन्नत बिरुवा किसानलाई ७० प्रतिशत अनुदानमा उपलब्ध गराएको थियो । स्याउ बगैंचा स्याउखेतीसम्बन्धी अध्ययन गर्न चाहनेका लागि अध्ययन केन्द्रका रुपमा पनि विकास गरिएको छ।

"हाम्रो स्याउ फार्म उच्च गुणस्तरको जातको स्याउ उत्पादन गर्ने मात्र नभई स्याउ खेतीको अध्ययन गर्नेहरुका लागि अध्ययन केन्द्रका रुपमा पनि विकास गरेका छौं", मनास्लु स्याउका उत्पादक छिरिङ धार्के भन्नुहुन्छ, "यहाँ आएर अध्ययन गर्ने विद्यार्थीका लागि निःशुल्क आवास र खानाको व्यवस्था गर्छौं ।" गाउँपालिकाका अधिकांश ठाउँमा स्याउखेती राम्रो हुने हुनाले अरूले किसानले पनि व्यावसायिक स्याउखेती गरून् भन्ने चाहना रहेको उहाँको भनाइ छ ।रासस

# कृषि फार्ममा तीस लाखको रायोको साग

झापा । भद्रपुर नगरपालिका-१ का देउकुमार लिङ्देनको कृषि फार्ममा यतिबेला रायोको साग बिक्रीका लागि तयार भएको छ। उहाँले यस वर्ष दुई स्थानमा गरी एक बिघा जमिनमा बेमौसमी रायोको साग लगाउनुभएको छ।

"दैनिक चार पाँच क्विन्टल जति उत्पादन हुन्छ", लिङ्देनले भन्नुभयो, "बजारमा प्रतिकेजी रु एक सयदेखि १२० सम्ममा बिक्री हुँदै आएको छ । यसपाली मनग्य आम्दानी होला जस्तो छ।"

उहाँले यस सिजनमा मात्र रु ३० लाखको साग बिक्री गर्ने लक्ष्य सुनाउनुभयो । "लगानी र खर्च कटाएर रु १० लाख नाफा हुन्छ भन्ने आशा छ", लिङ्देनले भन्नुभया,"गत वर्ष १५ कट्ठामा लगाएको साग खेतीबाट रु १८ लाख आम्दानी भएको थियो।"

वैदेशिक रोजगारीको सिलसिलामा ११ वर्ष मलेसिया बसेर फर्कनु भएका लिङ्देनले स्वदेशमै परिवारसँगै बसेर व्यवसाय गर्ने उद्देश्यले वि.सं. २०७३ मा लिङ्देन कृषि फार्म सुरु गर्नु भएको थियो । त्यसयता उहाँले बर्सेनि साग बेचेरै उल्लेख्य आर्जन गर्दै आउनुभएको छ।



लिङ्देनले उत्पादन गरेको साग चन्द्रगढी, भद्रपुर मात्र नभएर र बिर्तामोड नगरपालिकास्थित कृषिथोक बजारमा बिक्री हुँदै आएको छ। उहाँले १० वटा पोखरीमा माछापालनसमेत गरिरहेको बताउनुभयो । सोही माछा पोखरीको डिलमा समेत साग उत्पादन हुँदै आएको छ । मलेसियामा हुँदा सागसब्जी र फूलखेतीमा काम गरेको अनुभवले आफ्नै देशमा केही गर्न सहज भएको लिङ्देनको भनाइ छ।

भद्रपुर-१ मा भइरहेको व्यावसायिक खेतीमा १८ जनाले रोजगारी पाइरहेका छन् । उनीहरूले फार्ममा साग गोड्ने, मल हाल्ने, टिप्ने र बजार लैजाने कार्यमा सहयोग गर्छन्। "सुरुमा लाभदायक हुन्छ कि हुँदैन भनेर दुई कट्ठाबाट साग उत्पादन सुरु गरेको थिए । उत्पादन र त्यसको मागसमेत राम्रो भएपछि खेती बढाएर एक बिघामा बिस्तार गरेको हुँ । मौसमीभन्दा बेमौसमी खेतीबाटै फाइदा लिइरहेको छु", लिङ्देनले भन्नुभयो ।

कात्तिक-मङ्सिरमा अरुले पनि साग उत्पादन गर्ने र भाउ नहुने हुँदा आफूँले सधैं साउन-भदौ महिनामै बमौसमी साग उत्पादन गर्दै आएको उहाँले बताउनुभयो ।रासस

# मुस्ताङमा 'हाइब्रिड' स्याउ उत्पादनमा वृद्धि

मुस्ताङ। मुस्ताङमा उच्चघनत्व प्रविधिमा आधारित 'हाइब्रिड' स्याउको उत्पादन भइरहेको छ । यसपटक 'पोस्ट हाभेस्ट' अन्तिम चरणमा पुगेको छ । यहाँ सरोकार भएका निकाय सम्मिलित जिल्लास्तरीय समन्वयात्मक बैठकले उच्च 'हाइब्रिड' गाला स्याउ भदौ ५ देखि र किङरट जातको स्याउ भदौ १५ गतेदेखि जिल्ला बाहिर लैजान पाउने निर्णय गरेको थियो । सोही निर्णयअनुसार यहाँका स्याउ बगैंचाबाट पोखरा–काठमान्डौं लगायत स्थानमा पुऱ्याइसकिएको छ।



कृषि ज्ञान केन्द्रका अनुसार यसवर्ष यस्तो स्याउको उत्पादन करिब १० प्रतिशतले वृद्धि भएको अनुमान छ । कार्यालय प्रमुख राजेश गुरुङले यहाँको प्रारम्भिक सर्वेक्षणमा स्याउ उत्पादनमा वृद्धि भएको देखिएको बताउनुभयो । गत वर्ष मुस्ताङमा ६० हेक्टर 'हाइब्रिड' स्याउ बगैंचा क्षेत्र रहेकामा उत्पादनशील ५० हेक्टर क्षेत्रफलमा एक हजार २५० मेट्रिक टन स्याउ उत्पादन भएको उहाँले जानकारी दिनुभयो। यसवर्ष गत वर्षभन्दा एक सय २५ मेट्रिक टन बढी उत्पादन भएको कार्यालय प्रमुख गुरुङको भनाइ छ।

यहाँ परम्परागत स्थानीय जातका स्याउको उत्पादनमा भने ह्रास आउने देखिएको कृषि ज्ञान केन्द्रले अनुमान गरेको छ । यस वर्ष गत वर्षको तुलनामा स्थानीय जातको स्याउ १५ प्रतिशतले ह्रास आउने प्रक्षेपण गरिएको केन्द्र प्रमुख गुरुङले सुनाउनुभयो । गत वर्ष यहाँ आठ सय ३० हेक्टरमा स्थानीय लगाइएकामा छ हजार ७८ दशमलव ८४ प्रतिशत मेट्रिक टन उत्पादन भएको थियो । ज्ञान केन्द्रले गत वर्षभन्दा ९२ मेट्रिक टन कम उत्पादन हुने अनुमान गरेको छ।


थासाङ–१ टुकुचेका कृषक दिपसागर थकालीले यसवर्ष थासाङ क्षेत्रमा स्थानीय स्याउको उत्पादन एक तिहाईले घटेको बताउनुभयो । "गत वर्ष लटरम्म फलेको थियो, तर यस वर्ष बोटमा स्याउ नै थोरै फलेको छ", उहाँले भन्नुभयो ।

केही क्षेत्रमा भने उत्पादनमा समस्या नआउने अनुमान रहेको छ । यहाँको घरपझोङ–५ स्थित चिम्ले अचार्ड कृषि स्याउ फार्ममा स्थानीय जातका स्याउ उत्पादनमा कुनै असर नपरेको फार्मका सञ्चालक कर्म गुरुङले बताउनुभयो । बगैंचाको उचित व्यवस्थापन, भूगोल र स्थानले समेत स्याउ उत्पादनमा फरक पर्ने उहाँले सुनाउनुभयो ।

शीतोष्ण बागवानी विकास केन्द्र मार्फाका प्रमुख पद्मनाथ आत्रेयले बोटमा फूल फुल्दै गरेको बेला वर्षा भएकाले असर पुऱ्याएकाले उत्पादनमा कमी आउने देखिएको बताउनुभयो । तथापि, जिल्लामा कति स्याउ उत्पादन भयो भन्नेबारे असोजपछि यकिन हुने उहाँको भनाइ छ।

केन्द्रका अनुसार स्थानीय र 'हाइब्रिड' गरी गतवर्ष यहाँ छ हजार १६ हेक्टर क्षेत्रफलमा सात हजार ३२८ मेट्रिक टन स्याउ उत्पादन भएको थियो । जसमध्ये १० प्रतिशत स्याउ मुस्ताङमै खपत भएको थियो भने ९० प्रतिशत स्याउ बाहिर निकासी भएको थियो । स्याउ निकासीबाट रु ८२ करोड ६८ लाख कारोबार हुदाँ रु नौ करोड १८ लाख ६७ हजार बाराबर जिल्लामै खपत भएको ज्ञान केन्द्रले जनाएको छ ।रासस

# सडक भाँसिएको दुई वर्षपछि स्तरोन्नति



गोदावरी । सुदूरपश्चिम प्रदेशका सात पहाडी जिल्ला जोड्ने भीमदत्त राजमार्गअन्तर्गत गोदावरी-खानीडाँडा सडकखण्ड दुई वर्षपछि स्तरोन्नति गरिएको छ।

वर्षाका कारण पहिरोले क्षतिग्रस्त कैलालीको गोदावरी नगरपालिका-४ बुढीतोला क्षेत्रको सडकखण्ड मर्मत गरिएको सडक डिभिजन कार्यालय महेन्द्रनगरले जनाएको छ । कार्यालयका सिनियर डिभिजनल इन्जिनियर राजेशकुमार यादवले पहिरो गएको एक महिनाभित्र दुईतर्फी यातायात सञ्चालनमा ल्याइए पनि दिगो समाधानका लागि विस्तृत अध्ययन गरी निर्माण गर्दा दुई वर्ष लागेको बताउनुभयो ।

मर्मतसँगै पर्खाल लगाएर बाटो फराकिलो बनाइएको छ । सडक मर्मतपछि सहज रूपमा दुईतर्फी सवारीसाधन सञ्चालन हुन थालेको छ । विसं २०८० साउन २३ मा अविरल वर्षापछि पहिरोले उक्त सडक खण्डअन्तर्गत बुढीतोला क्षेत्रमा करिब पाँच सय ७० मिटर सडक भाँसिनुका साथै माथिबाट पहिरो खसेको थियो ।

पहिरोले एक सातासम्म सुदूरपश्चिमका डडेल्धुरा, बैतडी, बझाङ, डोटी, अछाम, बाजुरा र दार्चुला गरी सात पहाडी जिल्लाको सम्पर्क टुटेको थियो । इन्जिनियर यादवका अनुसार जमिनमुनिको पानीका कारण ठूलो भू-भाग नै भाँसिएकाले तत्कालै परामर्श सेवामार्फत आवश्यक अनुसन्धान गरी त्यसको निष्कर्ष र सुझावका आधारमा मर्मत सुरु भएको थियो । पहिलो चरणको मर्मतका लागि गत वैशाख २७ गते 'जिएसआई हटैराज जेभी' कम्पनीसँग रु छ करोड ४७ लाखमा ठेक्का सम्झौता भएको थियो ।

"पहिरो नियन्त्रणका लागि भूमिगत पानी व्यवस्थापन गर्न पाँच वटा इनार निर्माण गरिएका छन् । उक्त पानी सङ्कलन गरी सुरक्षित रूपमा निकास दिई जमिन स्थिर राख्ने काम भएको छ", उहाँले भन्नुभयो,"इनार बनाउने, 'सब-सर्फेस ड्रेनेज'को काम गर्ने, सडक काटेर फराकिलो बनाउने र बायो-इन्जिनियरिङ (वनस्पतिको प्रयोगबाट जमिनलाई स्थिर बनाउने) को काम सम्पन्न भइसकेको छ।"

सडक भाँसिएको ठाउँमा १० मिटरसम्म अग्लो 'मेकानिकल' पर्खाल लगाएर सडकलाई बलियो बनाइएको छ । अब सडक स्थिर भएपछि एक वर्षपछि जमिनको अवस्था हेरेर मात्र कालोपत्रका लागि छुट्टै ठेक्का लगाएर काम गरिने कार्यालयले जनाएको छ ।रासस

# सेवा सुरु गर्न बैङ्क तथा वित्तीय संस्थालाई राष्ट्र बैङ्कको आग्रह

काठमाण्डु । सीमित कर्मचारीमार्फत अत्यावश्यक बैङ्किङ तथा डिजिटल भुक्तानीसम्बन्धी सेवा सञ्चालन गर्न नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थालाई आग्रह गरेको छ।

राष्ट्र बैङ्कले सम्पूर्ण इजाजतप्राप्त बैङ्क, विकास बैङ्क, वित्त कम्पनी तथा भुक्तानीसम्बन्धीकार्य गर्ने संस्थालाई व्यवसायिक निरन्तरता दिन भनेको हो । राष्ट्र बैङ्कले विहिबार यहाँ सार्वजनिक गरेको सूचनामा नेपाली सेनाले भदौ २५ गते जारी गरेको निषेधाज्ञासम्बन्धी व्यवस्थालाई मध्यनजर गर्दै यस्तो व्यवस्था मिलाउन निर्देशन दिइएको उल्लेख छ । सूचनामा भनिएको छ, "बैङ्क तथा वित्तीय संस्थाले आफ्ना संवेदनशील प्रणाली सीमित कर्मचारीमार्फत सञ्चालन गरी अत्यावश्यक बैङ्किङ तथा डिजिटल भुक्तानीसम्बन्धी सेवा सञ्चालन गर्नुपर्नेछ । अन्य प्रणालीमा भने जोखिमको आधारमा रिमोट एसिसमार्फत सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्नेछ," नेपाल राष्ट्र बैङ्कले जनाएको छ।

त्यस्तै, सूचनामा आवश्यक सेवा सञ्चालनमा आएका शाखा, एटीएम र उपलब्ध सेवासम्बन्धी जानकारी आफ्नो वेबसाइट र सामाजिक सञ्जालमार्फत सर्वसाधारणलाई जानकारी गराउन सबै संस्थालाई आग्रह गरिएको छ ।रासस

# भोजपुरमा धानखेतीको क्षेत्र घट्यो

भोजपुर । जिल्लामा यस वर्ष धानखेतीको क्षेत्र घटेको छ । गत वर्ष बाह्र हजार १५४ हेक्टर क्षेत्रमा धानखेती भएकामा यस वर्ष ११ हजार पाँच सय हेक्टरमा मात्र धानखेती विस्तार भएको कृषि ज्ञान केन्द्र भोजपुरले जनाएको छ।

यस वर्ष समयमा बर्सात नहुनु तथा गाउँघरमा बसाइँसराइको दर बढेको कारण धानखेतीको क्षेत्र घटेको कृषि ज्ञानका सूचना अधिकारी घनश्याम बराललले बताउनुभयो । यो वर्ष भोजपुरमा करिब ९६ प्रतिशत मात्र रोपाइँ भएको उहाँले जानकारी दिनुभयो।

गत आर्थिक वर्ष भोजपुरमा ३७ हजार ७०० मेट्रिक टन धान उत्पादन भएको थियो । धानखेतीको विस्तारको क्षेत्र घटेकाले यस वर्ष उत्पादनमा पनि कमी आउने सम्भावना रहेको देखिएको छ । जिल्लाका सबै स्थानीय तहमा धान खेती हुने गरेको छ। यहाँका कतिपय बेँसी क्षेत्रमा दुई बाली धान उत्पादन हुने गर्दछ ।रासस

# बासस्थान खलबलिँदा चराको संख्या घट्ने चिन्ता

देउखुरी । पछिल्लो समय यहाँ बासस्थान खलबलिदा चराको सङ्ख्या घट्दै गएको छ। यहाँ कतिपय चराको सङ्ख्या न्युन भइरहेको छ भने केही चरा लोपोन्मुख अवस्थामा पुगेका छन्। घोराही उपमहानगरपालिका-९ निवासी ७२ वर्षीया पार्वता शर्मा चराको सङ्ख्या कम हुँदै गएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "पहिले गाउँमा (खर) फुसका छाना हुन्थे, चराले त्यसैमा गुड बनाएर बचेरा कोरल्ने र हुर्काउने गर्थे । बिहान मिर्मिरेमा चराको चिरबिर आवाज गुन्जिँदा छुट्टै आनन्द हुन्थ्यो । कहिलेकाहीँ चराको आवाजले बिहानीको निद्रा खुल्ने गर्थ्यो ।"



उहाँलाई अझै सम्झना छ, केही समयअघि आँगनभरी थरीथरीका चारा आउथे। मङ्सिरमा आगनमा धान ल्याएपछि चराहरू झन थपिँदै जान्थे । पछिल्लो समय चराको चिरबिर कम भएको शर्माले बताउनुभयो । चराको बासस्थान खलबलिएकाले अचेल त्यस्तो आवाज खासै नसुनिने गरेको उहाँको भनाइ छ।

घोराही उपमहानगरपालिका-६ का ६५ वर्षीय वीरबहादुर चौधरीले चराको बासस्थान घट्दै गएका कारण सङ्ख्या पनि कम हुँदै गएको बताउनुभयो। "भँगेराको चिरबिर र कोइलीको कुहुकुहु आवाज हराउँदै गएको छ । पक्की घरका कारण पनि घरमा बस्दै आएका चरा कम भएका छन्। गौथली, परेवा, भँगेरा, मैना जस्ता चराले फुसको छानोमा गुड बनाउने गर्थे । अहिले सबै घर पक्की भएपछि गुड लगाउने ठाउँको कमी भएको छ", उहाँले भन्नुभयो ।

एकातिर रुख हुने स्थानमा घरैघर छन्, भएका घर पनि सिमेन्टले बनेका चरामैत्री छैनन् । जसले गर्दा समस्या आएको धेरैको भनाइ छ। चराविज्ञ आनन्द चौधरी रैथाने चराको सङ्ख्यामा कमी आएको बताउनुहुन्छ । चराहरू बसाइँसराइ गर्ने र आगन्तुक चरा नेपालमा आउने क्रम भने बढेको उहाँको भनाइ छ । यसरी आउने आगन्तुक चराका लागि यतै बस्ने वातावरण मिलाउनसके चराको सङ्ख्या बढ्ने चौधरीको बुझाइ छ।

"चराहरू लामो यात्राको प्रयास गर्ने, आराम गर्ने त छँदैछ, पछिल्लो समय जलवायु परिवर्तनका हिसाबले पनि समस्या भयो । चरा सङ्कटमा पर्नुका प्रमुख कारणमध्ये बासस्थानको विनास, जलवायु परिवर्तन, भौतिक पूर्वाधार पनि हुन्", उहाँले भन्नुभयो,"चरा खतराको सूचक मात्रै होइन, अवसर पनि हो । यिनको संरक्षणका लागि सोच्नुपर्ने आवश्यकता छ।"

यसका लागि सरकारी निकाय, स्थानीय र आदिवासी समुदायसँग सहकार्य गर्दै चरा तथा जैविक विविधता क्षेत्रको महत्त्वबारे आमनागरिकलाई जानकारी गराएर संरक्षण अभियान सञ्चालन गर्नुपर्ने चराविज्ञ चौधरीको धारणा छ । आगन्तुक चराका लागि अतिआवश्यक बासस्थानको पहिचान, अनुगमन र संरक्षण सुनिश्चित गर्ने, जनसमुदायलाई सचेत बनाउने विषयमा सबैले लाग्नुपर्ने उहाँको सुझाव छ ।रासस

# कालीगण्डकी करिडोर सडक अवरुद्ध

गुल्मी । बुधबार रातिदेखि परेको अविरल वर्षाका कारण पहिरो जाँदा कालीगण्डकी करिडोर सडक अवरुद्ध बनेको छ। कालीगण्डकी करिडोर सडकको गुल्मीखण्डअन्तर्गत कालीगण्डकी गाउँपालिका-२ स्थित राक्से भन्ने स्थानमा सडक माथिबाट पहिरो खसेपछि गए रातिदेखि उक्त सडक पूर्ण रुपमा अवरुद्ध बनेको हो।



सडक अवरुद्ध भएको जानकारी पाएपछि प्रहरीचौकी पुर्तीघाटबाट प्रहरी टोलीलाई बिहानै सडक सुचारुका लागि पहिरो गएको स्थानका खटाई सकिएको प्रहरीले जनाएको छ। अहिले पनि उक्त क्षेत्रमा लगातार वर्षा भइरहेका कारण सडकमा थुप्रिएको पहिरो पन्छाउन समस्या परेको जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी गङ्गाबहादुर सारुले जानकारी दिनुभएको छ।

सडक अवरुद्ध बनेपछि त्यस क्षेत्रबाट पर्वत, बागलुङ एवं रिडी हुँदै पाल्पा र बुटवलसम्म आवजावत गर्ने सवारीसाधन सञ्चालनमा आउन सकेका छैनन् । वर्षा रोकिनासाथ सडक सुचारु गर्नका लागि स्थानीय निर्माण कम्पनी कालिका कन्ट्रक्सनले पहिरो पन्छाउने उपकरण तयारी अवस्थामा राखेको सूचना अधिकारी सारुले बताउनुभएको छ । पहिरोका कारण उक्त सडक पटक पटक अवरुद्ध हुने गर्दछ ।रासस

# 'जेनजीको आन्दोलन दुरुपयोग गर्न गम्भीर षड्यन्त्र भइरहेको छ'

**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले जेनजी पुस्ताको आन्दोलनलाई दुरुपयोग गर्न पर्दा पछाडि प्रयासहरू भइरहेको भन्दै सचेत रहन आग्रह गरेका छन् । सबैको अधिकार, आत्मसम्मान, आकांक्षा र आवाजलाई सम्बोधन गर्ने गरी अबको बाटो तय गरिनुपर्ने उनले बताए ।



राज्यका महत्वपूर्ण अंगहरू जलाउनु, जनताले वर्षौं लगाएर बनाएको संविधान खारेज गर्न तम्सिनु तथा निर्वाचित जनप्रतिनिधिमूलक थलो संसद भंग गरेर रिक्तता र अवैधता निम्त्याउनु देशका लागि दुर्भाग्य हुने अध्यक्ष राउतले बताए ।

सामाजिक सञ्जालमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै अध्यक्ष राउतले जेनजीको आन्दोलन दुरुपयोग गर्न पर्दा पछाडिका प्रयास सफल भए देश अर्को १० वर्ष अनिर्णय र अस्थिरताको बन्दी बन्ने र देश नै नरहने अवस्था आउन सक्ने चिन्ता व्यक्त गरे ।

उनले अहिलेको संक्रमणकालीन स्थितिमा संविधान संशोधनको आवश्यकता रहे पनि संविधानलाई अहिले चलाउने नभई अर्को निर्वाचन नभएसम्म वैध निर्णय गर्न सक्ने संसद् कायम राख्नुपर्ने भन्दै अन्यथा देशमा रिक्तता निम्तिने बताए ।

# नख्खु कारागारबाट फरार साह पक्राउ

**टुडे समाचारदाता**



जनकपुरधाम । सहकारी ठगी मुद्दाका अभियुक्तसमेत रहेका पूर्वगृहमन्त्री रवि लामिछानेलाई नख्खु कारागारलेछाडेपछिअधिकांश कैदीसंगै पूर्वराज्यमन्त्रीसमेत रहेका अभियुक्त संजयकुमार साह टकलालगायत सयौं कैदीबन्दी फरार भएका थिए ।

सोही क्रममा कैदीबन्दी साहलाई ललितपुरस्थित नख्खु कारागार जादैं गर्दा काभ्रेबाट प्रहरीले पक्राउ गरिएको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय मंगलटारको टोलीले साहलाई पक्राउ गरेको छ । उनी कारागारबाट बुधबार जनकपुरधाम आएका थिए ।

प्रहरीले कैदीबनदीलार्य कारागारमा फर्किनका लागि आह्वान गरेपछि उनी सो तर्फ जाँदै थिए ।

उनलाई थप कैद भुक्तानका लागि कारागार पठाइएको जनाइएको छ ।

जेन-जी आन्दोलनको क्रममा नख्खु कारागारबाट उनी भागेका थिए । सहकारी ठगी आरोपमा पुर्पक्षका लागि नख्खु कारागारमा रहेका पूर्वमन्त्री लामिछानेलाई शुरुमा कारागारबाट निकालिएको थियो । त्यसको केही समयमा साहसहित सबै कैदी कारागारबाट भागेका थिए। उनीहरुले कारागारमा आगजनी समेत गरेका थिए ।

उनी १२ वर्षदेखि कारागारमा थिए । पूर्वराज्यमन्त्री साहसमेत रहेका उनी जन्मकैदको सजाय भोग्दै थिए ।

२०६९ वैशाख १८ गते जनकपुरधामस्थित रामानन्द चोकमा पाँच जनाको ज्यान जाने गरी भएको बम विष्फोट घटनाको मुख्य नाइकेको अभियोगमा उनी सजाय काटिरहेका थिए ।

# मधेशको अधिकांश जिल्लामा कर्फ्यु

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशको अधिकांश जिल्लामा निषेधाज्ञा तथा कर्फ्यु आदेश जारी गरिएको छ । सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, पर्सालगायतका जिल्लामा प्रशासन कार्यालयद्वारा निषेधाज्ञा तथा कर्फ्यु जारी गरिएको छ ।



धनुषा जिल्लाभर जिल्ला प्रशासन कार्यालय धनुषाले निषेधाज्ञा तथा कर्फ्यु आदेश जारी गरेको छ ।

जिल्ला प्रशासन कार्यालय धनुषाले सुरक्षा चुनौती बढेको भन्दै जिल्लाभर निषेधाज्ञा र कर्फ्यु आदेश जारी गरेको जनाएको छ ।

धनुषाका प्रमुख जिल्ला अधिकारी शंकरहरी आचार्यको अध्यक्षतामा बसेको जिल्ला सुरक्षा समितिको बैठकले बिहीबार विशेष सुरक्षा अवस्था सिर्जना भएकाले शान्ति-सुरक्षाका दृष्टिले निषेधाज्ञा तथा कर्फ्यु आवश्यक रहेको निष्कर्ष निकालेको छ ।


बिहीबार बिहान ११ बजेदेखि बेलुकी ४ बजेसम्म जिल्लाभर निषेधाज्ञा लागू हुनेछ । बिहीबार बेलुकी ६ बजेदेखि शुक्रबार बिहान ६ बजेसम्म जिल्लाभर कर्फ्यु आदेश लागू हुने प्रमुख जिल्ला अधिकारी आचार्यले जानकारी दिए ।

अत्यावश्यक अवस्थामा निषेधाज्ञा वा कर्फ्यु अवधिभन्दा बाहेक पनि अति अत्यावश्यक सेवाका सवारीसाधनलाई मात्र आवतजावत गर्ने अनुमति दिइने प्रशासनले जनाएको छ ।

# 'अहिलेको संकटको सही निकास जनपक्षीय अन्तरिम सरकार'

**टुडे समाचारदाता**

जनकपुरधाम । आम जनता पार्टी (आजपा)ले युवाहरुलाई ललिपप दिएर भुक्याउने प्रयास भइरहेको टिप्पणी गरेका छन् ।



आजपाका अध्यक्ष प्रभु साहले बिहीबार विज्ञप्ति जारी गर्दै जेनजी पुस्ताको अगुवाइमा भएको आन्दोलनलाई नेतृत्वको फेस चेञ्जमा मात्र सिमित गर्ने षड्यन्त्र भइरहेको भएको टिप्पणी गरे ।

जारी गरिएको विज्ञप्तिमा भनिएको छ, 'आन्दोलनले चाहेको समग्र बदलाव हो; लुट भ्रष्टाचारको अन्त्य र अवस्थामा सुधार हो' उनले भनेका छन्, 'तपाई हामी सबैलाई थाहा छ, फैक्ट्री जस्तो हुन्छ - उत्पादन त्यस्तै हुन्छ। अर्थात, गलत सिस्टम, संरचना र नेतृत्वका कारण देशको यो दुरगति भएको हो ।'

भ्रष्टाचार केन्द्र सरकारमा मात्र नभएर स्थनीय र प्रदेश सरकारमा समेत रहेको उनले बताए । उनी अगाडि लेख्छन्, 'यो सार्वभौम सत्यलाई स्वीकार्नुको सट्टा युवाहरुलाई ललिपप दिएर भुक्याउने जुन प्रयास भइरहेको छ, त्यो हामीलाई स्वीकार्य छैन ।'

जेनजीपुस्तलाई पनि उनले आग्रह गर्दै सतहमा नरमाउन र समस्याको गहिराइमा पुगेर सामाधानको उपाय अपनाउन आग्रह गरे ।

उनी लेख्छन्, 'जेनजी भाई बहिनीहरुलाई भन्न चाहन्छु- सतहमा रमाउने हैन, समस्याको गहिराइमा पुगौ । समस्याको सामाधान सिर्फ नेतृत्वमा हैन, व्यवस्थामा खोजौ । नत्र तपाई हामीले गरेको जनक्रान्तिको औचित्य इतिहासमा पुष्टि गर्न गाह्रो हुनेछ ।'

अहिलेको संकटको एक मात्र सही निकास दलाल दलतन्त्रको अन्त्य, जनपक्षिय अन्तिरिम सरकार भएको पनि उनको भनाइ छ ।

# राष्ट्रपति पौडेललाई सार्वजनिक गर्न माग गर्दै खबरदारी जुलुस प्रदर्शन



**टुडे समाचारदाता**

जनकपुरधाम । जेन-जी आन्दोलनपछि उत्पन्न विषम परि स्थितिका कारण संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामै टेकेर निकासको बाटो खोज्न माग गर्दै जनकपुरधाममा कांग्रेस निकट युवा विद्यार्थीहरुले खबरदारी जुलुस प्रदर्शन गरेका छन् ।

जनकपुरधाममा बिहीबार नेपाली कांग्रेस निकटका भ्रातृ संगठन तरुण दल धनुषा र नेविसंघले संयुक्त रुपमा खबरदारी जुलुस प्रदर्शन गरेका छन् ।

तरुण दलका अध्यक्ष सञ्जय लाभ कर्ण र नेविसंघ धनुषाका सभापति सुजित यादवको संयुक्त अगुवाइमा संविधानको रक्षा र राष्ट्रपति रामचन्द्र पौडेललाई सार्वजनिक गर्न माग गर्दै खबरदारी जुलुस प्रदर्शन गरेका छन् ।

जनकपुरधाम उपमहानगरपालिकाको क्याम्पस चोकदेखि मुरली चोकसम्म प्रदर्शन गरेका छन् ।

उनीहरुले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा रहेरै वर्तमान समस्या सामाधन गर्नुपर्ने माग समेत गरेका छन् ।

# 'अन्तरिम सरकार बनाएर एक वर्षभित्र निर्वाचन गरौं'

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका उपाध्यक्ष राजकिशोर यादवले



संघीय लोकतान्त्रिक गणतन्त्रलाई अझ बजबुत बनाउँदै स्थायी समाधान दिनुपर्ने बताएका छन् ।

बिहीबार एक विज्ञप्तिमार्फत पूर्वमन्त्रीसमेत रहेका उपाध्यक्ष यादवले सर्वदलीय, निष्कलंक र सक्षम व्यक्तिको नेतृत्वमा वैध ढंगले अन्तरिम सरकार बनाउनुपर्ने बताए ।

उनले जारी गरेको विज्ञप्तिमा लेखेका छन्, ' अन्तरिम सरकारले एक वर्षभित्र स्वतन्त्र निस्पक्ष र समावेशी निर्वाचन गराउने ।'

यसो गर्दा वर्तमान संकटको सही समाधान दिन सकिने उनको भनाइ छ ।

# ट्राफिक कार्यालयमा आगजनी



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको जलेश्वरस्थित ट्राफिक प्रहरी चौकीमा आगजनी भएको छ ।

जलेश्वरस्थित बस स्टैण्ड नजिकै रहेको ट्राफिक कार्यालय जलेश्वरमा अज्ञात व्यक्तिहरुको समुहले आगजनि गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरिक्षक हेरम्ब शर्माले जानकारी दिए ।

बिहिबार केही संख्यामा आएको समूहले पेट्रोल छर्केर आगजनी गरेको प्रहरी उपरिक्षक शर्माले बताए । आगजनीबाट एक थान कम्प्युटर र कार्यालयका कुर्सी टेवल डढेर खरानी भएको उनले बताए ।

घटनाको खवर पाए लगतै पुगेको नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको टोलिले आगलागि नियन्त्रणमा लिएपछि थप क्षति हुनबाट जोगिएको प्रहरी उपरिक्षक शर्माले बताए ।

आगजनी गर्ने समूहको खोजि कार्य तिव्र पारिएको र सिसिटिभी फुटेज लगायतको कोणबाट घटनाको अनुसन्धान भइरहेको उनको भनाइ छ ।

# अराजकता रोक्न सर्वपक्षीय समिति गठन

**टुडे समाचारदाता**

रौतहट । रौतहटको कटहरिया बजारमा शान्ति सुरक्षा कायम गर्न सर्वपक्षीय ११ सदस्यीय समिति गठन गरिएको छ । रौतहटमा बिहीबार विभिन्न स्थानमा जारी निषेधाज्ञा र कर्फ्यूको समयमा अशान्ति र लुटपाट मच्चाउने तत्व सक्रिय हुनसक्ने आशंका गर्दै स्थानीय समाजसेवी, युवा, व्यापारी, पत्रकार र प्रशासन प्रतिनिधिहरूबिचको बैठकले समिति बनाउने निर्णय गरेको छ ।



उक्त बैठकले पूर्वप्रदेश सांसद कुन्दन कुशवाहा, पूर्वमेयर सियाराम कुशवाहा, व्यवसायी योगेन्द्र साह, पत्रकार सञ्जय मिश्रा, नसरुदिन अन्सारी, सर्फलाल गुप्ता, रामेश्वर साह कानु, रामाप्रवेश साह, कामेश्वर साह, अच्छेलाल साह र प्रकाश श्रेष्ठ सहितको ११ सदस्यीय मूल समिति गठन गरेको छ ।

सो समितिले प्रहरीसँग समन्वय गर्दै कटहरिया बजार तथा आसपासका क्षेत्रमा शान्ति सुरक्षा कायम गर्ने, युवाहरूलाई संगठित गरी नेपाल प्रहरी र सशस्त्र प्रहरीसँग मिलेर देश सामान्य अवस्थामा फर्किने बेलासम्म प्रत्येक रात्रिगस्ती र जाग्राम गर्ने निर्णय गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी नेत्रमणि गिरीले सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि अपिल गर्दै गस्ती तीव्र पार्ने र स्थानीयलाई सचेत गराउने प्रतिबद्धता जनाए ।

रौतहटका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले यस पहलको खुलेर प्रशंसा गर्दै नागरिक तहबाट आएको सहयोग सुरक्षा निकायका लागि ठुलो टेवा हुने बताए ।

# जलेश्वर कारागारबाट भागेका कैदी फर्किदैं

**टुडे समाचारदाता**

जलेश्वर । गत मंगलबार साँझ 'जेन- जी' आन्दोलनको आडमा जलेश्वर कारागारबाट भागेका कैदी/थुनुवा फर्किन थालेका छन् । जलेश्वर कारागार महोत्तरी प्रशासनले लहलहैमा भागेका कैदी/थुनुवालाई फर्कन अपिल गरेसँगै बुधवार राति तीन जना फर्केका कारागार कार्यालयका निमित्त प्रमुख रवीनचन्द्र ठाकुरले पुष्टि गरेका छन् ।




'बुधवार राति तीन जना कारागार आइपुगेका छन्', ठाकुरले भने, 'अन्य कतिपयले फोन सम्पर्क गरी आउन लागेको बताएका छन् ।' भागेकामध्ये अधिकांश कैदी/थुनुवा फर्कने ठाकुरलाई विश्वास बढेको छ । आफूले बुधवार कार्यालयबाटै भागेका कैदी/थुनुवालाई फर्कन गरेको अपिलको सकारात्मक प्रभाव परेको उनको ठम्याइ रहेको छ ।

'हामीले कैदी/थुनुवालाई तपाईंहरु फर्कनोस्, कुनै सर्त र थप कारबाही हुँदैन भनेर अपिल गर्यौं', उनी भन्छन्, 'त्यो अपिल सुने/पढेपछि उहाँहरूको मन फिरेको छ, तीन जना आइपुग्नुभयो, अन्य केहीले आउँदैछौं भन्नुभएको छ ।' कारागार कार्यालयले बुधवार विज्ञप्ति जारी गर्दै भागेका कैदी/थुनुवालाई भागेबापत कुनै सजाय नगरिने जनाउँदै २४ घण्टाभित्र आइपुग्न अपिल गरेको थियो । सो अपिलमै स्वेच्छाले नफर्कनेको हकमा खोजी गरेर भेट्टाइँदा थप सजाय गरिने उल्लेख गरिएको थियो ।

त्यस्तै मंगलबार साँझ जेनजी आन्दोलनको आडमा कारागार भत्काएर भागेका ५७६ जनामध्ये भारतिर पस्ने क्रममा १० जना भारतीय पुलिसको नियन्त्रण रहेका खबर फैलिएको छ ।

यसबारे जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयको समन्वयमा सीमावर्ती भारतीय सुरक्षाकर्मीसँग बुझेर आवश्यक प्रक्रिया अघि बढाइने कारागार प्रमुख ठाकुरले बताए ।

त्यस्तै भारतीय प्रहरीले पक्राउ गरेको १२ जना कैदीबन्दीहरुलाई नेपाल प्रहरीको जिम्मा लगाएको छ ।

भदौं २४ गते जलेश्वर कारागारबाट भागेका ५७५ कैदीमध्ये भारततर्फ भागेका १२ जना कैदीबन्दीलाई भारतीय प्रहरीले भारतको विभिन्न ठाउँबाट पक्राउ गरेको थियो ।

पक्राउ परेका कैदीहरुमध्ये ९ जना कैदीलाई भारतीय प्रहरीले बिहिबार दिउँसो भिटामोड नाकामा ल्याई नेपाल प्रहरीको जिम्मा लगाएको छ भने ३ जना कैदिलाई वथनाहा चौकीको जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता समेत रहनु भएको प्रहरी नायव उपरिक्षक शैलेन्द्र भट्टले बताए ।

भारतीय प्रहरीले पक्राउ गरेका धनुषा मुसहरिनिया गाउँपालिका -५ स्थित मुखियापटिका रामगुलाम महतो, धनुषा हँसपुर नगरपालिका-३ स्थित सुनगामा टोलका बिनोद राय, महोत्तरी मटिहानी नगरपालिका-१ स्थित धिरापुरका मुजाहिद अन्सारी, धनुषा जनकपुर-२१ मण्डलटोलका इन्द्रेश मण्डल, महोत्तरी गौशाला नगरपालिका-४ स्थित रजखोरका सुरेन्द्र साह सोनार, भारत बैशालीका आनन्द मोहन कुमार, धनुषा सहिद नगरनगरपालिका-३ का कृष्णकुमार महतो, भारत सितामढीका बलबिन कुमार महतो, भारत सितामढी रतनपुरका जियाउल रहमान, चकिया थाना, पूर्वी चम्पारण, भारत घर भएका गुड्डु कुमार यादव, जलेश्वर नगरपालिका-१ का रेयाज दफाली, मकवानपुर जिल्ला हेटौंडा, वडा नम्बर ३ का राजेश तामाङलाई भारतीय प्रहरीले पक्राउ गरि नेपाल प्रहरीको जिम्मा लगाएको प्रहरी नायव उपरिक्षक भट्टले बताउए ।

जलेश्वर कारागारबाट भागेका कैदीबन्दीहरुलाई स्वेच्छाले २४ घण्टाभित्र फर्किन आग्रह गरेपछि बुधाबार रातिदेखि नै कैदीबन्दी सम्पर्कमा आउन थालेको कारागारका निमित्त कार्यालय प्रमुख ठाकुरले बताए ।

# गौर कारागारबाट फरार १३ कैदी भारतमा पक्राउ

**दिलिप पाण्डे**

रौतहट । रौतहटको सदरमुकाम गौर कारागारबाट मंगलबार राति फरार भएका १३ जना कैदीलाई भारतीय प्रहरीले नियन्त्रणमा लिएको छ । कारागार फुटाएर भारततर्फ भाग्ने क्रममा सीमामा तैनाथ एसएसबी र भारतीय प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएको छ ।




नियन्त्रणमा रहेका कैदीहरूमध्ये ९ जना रौतहटका र ४ जना भारततर्फका रहेका छन्। नेपालतर्फका कैदीमा जितेन्द्र गिरी, गणेश साह, सन्तोष राम, रणधीर यादव, विवेक मिश्र, राजन साह सोनार, अजय यादव, राजेश पटेल र मोहन साह छन् । त्यस्तै भारतका कैदीमा मोनु जायसवाल, राकेश कुमार, मुनिफ कुमार यादव र सुधीर कुमार महतो रहेका छन् ।

भारतको बैरगनिया थानाका प्रभारी उमाशंकर रजकका अनुसार पक्राउ परेका विवेक मिश्र भारतकै हत्या प्रकरणका फरार अभियुक्त छन् । उनलाई सीतामढी न्यायिक हिरासतमा पठाइएको छ भने बाँकी १२ कैदीलाई प्रहरी नियन्त्रणमा राखिएको छ ।

भारतीय अधिकारीहरूले आवश्यक कानुनी प्रक्रिया नेपाली समकक्षीसँग समन्वय गरेर अघि बढाइने जनाएका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८